# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २ साउन २०७९

# सोमवार

# बैठक सङ्ख्या- ३८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय जितेन्द्र नारायण देव । समय नौं मिनेट । यसपछि माननीय खिम लाल भट्टराई ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले विगतका केही दिन र हप्ताहरूलाई हेर्दाखेरि विगतका केही दिन र हप्ताका राजनीतिक घटना क्रमहरूलाई हेर्दाखेरि नेपालको परराष्ट्र सम्बन्धमा, परराष्ट्र नीतिको सञ्चालनमा र नेपालका मुख्य राजनीतिक पार्टीहरूको अन्तर्राष्ट्रिय सम्बन्धको सन्दर्भमा केही नयाँ

आयामहरू, केही नयाँ विषयहरू अगाडि आएका छन् । त्यसमा केही राम्रा सकारात्मक आयामहरू देखिएको छ भने केही चुनौतीपूर्ण केही चुनौतीपूर्ण चिजहरू विषयहरू पनि हाम्रो अगाडि देखिएको हुनाले ती विषयहरूलाई म यो गरिमामय सदनमा सम्माननीय अध्यक्ष महोदयमार्फत नेपाल सरकार र नेपालका मेजर पोलिटिकल फोर्सेसहरू नेपालका मुख्य राजनीतिक पार्टीहरूको ध्यानाकर्षण गर्नु उपयुक्त ठानेको हुनाले म केही विषयमा आफ्नो कुराहरू राख्न यहाँ उपस्थित भएको छु ।

सबभन्दा पहिला अहिले भर्खरै केही दिनमात्रै अगाडि चिनिया कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुख वाहाँको नेपाल भ्रमण भयो र नेपालका विभिन्न राजनीतिक पार्टीका मुख्य नेताहरूसँग द्विपक्षीय सम्बन्धको विषयमा भेटघाट भयो कुराकानी भयो अन्तरक्रिया भयो र यसको मुख्य एउटा यो आफैमा एउटा सकारात्मक राम्रो सुरुआत त हुँदै हो । राम्रो कुरा हुँदै हो । त्यसमा पनि एउटा लक्षणिक अलिक सिम्बोलिक एउटा सिग्निफिकेन्स बोकेको महत्त्व बोकेको कुरा के हो भन्दाखेरि यसपालि विगतको भन्दा अलिकति नयाँ ढङ्गले इम्फ्यासिस् गरेर नेपालका कम्युनिष्ट पार्टीहरूसँग मात्रै होइन कि नेपाली काँग्रेससँग पनि नेपाली काँग्रेस नेपालको एउटा ठुलो पार्टी डेमोक्रेटिक पार्टी, ऐतिहासिक पार्टी, पुरानो पार्टी भएको सन्दर्भमा जिम्मेवारी पार्टी भएको सन्दर्भमा चिनियाँ कम्युनिष्ट पार्टीले नेपाली काँग्रेससँग पनि पार्टी स्तरमै सम्बन्ध हामी अगाडि बढाउन चाहन्छौं भन्ने म्यासेजबाट भन्ने सन्देशबाट जुन आयो त्यो आफैमा एउटा नयाँ एउटा डाइमेन्सन हो । नयाँ एउटा चाहिँ लक्षणिक कुरा हो । यो आफैमा एउटा स्वागत र एउटा स्वागत गर्ने कुरा हो र सकारात्मक कुरा हो ।

सँगसँगै भर्खरै हिजो नेकपा माओवादी केन्द्रका अध्यक्षज्यू भारत भ्रमणबाट फर्किनुभा' छ । वाहाँ चाहिँ भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डाको निमन्त्रणमा त्यहाँ तीन दिन बसाइ सकेर आउनुभा' छ र त्यहाँ मिडियाले बताइसकेको छ । एक्सटेन्सिभ रूपमा भारतका नेताहरूसँग र खास गरेर भारतीय जनता पार्टीसँग वाहाँको comprehensive रूपमा एक्सटेन्सिभ रूपमा कुराकानीहरू भ'को छ । यो आफैमा चाहिँ अत्यन्त सकारात्मक छ राम्रो छ । यसलाई म राम्रो मान्द छु र त्यसमा पनि यसको एउटा स्पेशल सिग्निफिकेन्स केमा छ भन्दाखेरि । अब भारतका राजनीतिक पार्टीहरू पनि नेपालका डिमोक्रेटिक पार्टीहरूसँग मात्रै होइन नेपालका लेफ्टिस्ट पार्टीहरूसँग पनि, कम्युनिष्ट पार्टीहरूसँग पनि हामीले सम्बन्धमा अगाडि बढाउनुपर्छ भन्ने कोणबाट जुन मान्यताहरू विकास भएको छ ।

त्यो आफैमा यसलाई सकारत्मक मान्द छु र मलाई लाग्छ कि नेपाल एउटा यस्तो Geo पोलिटिक्समा यस्तो Geo लोकेसनमा अवस्थित छ । जसको सरकारसँग सरकार सरकारको बिचमा मात्रै होइन जनता जनताको बिचमा मात्रै होइन कि पार्टी पार्टीको बिचमा पनि चिनिया कम्युनिष्ट पार्टी र भारतका मेजर पोलिटिकल फोर्सेसहरूसँग; राजनीतिक पार्टीसँग सम्बन्धमा हुनु एक अर्कालाई बुझ्नु; एक अर्का समस्याहरूको बारेमा छलफल गर्नु; एक अर्कोको मनोविज्ञानलाई बुझ्नु र सँगसँगै अगाडि जानु यो द्विपक्षीय हित सम्बन्धलाई अगाडि परिचालन गर्नु यो आवश्यक हिजो पनि थियो आज पनि छ भोलि पनि हुने छ । त्यो दिशामा जुन चिजहरू अगाडि बढेको छ । त्यसलाई म चाहिँ स्वागत गर्न चाहन्छु तर अब यी त भए राम्रा कुराहरू जो अहिले सुखद सुरुआत भएको छ । कम्रेड प्रचण्डले आफैले पनि भन्निसक्नुभा' छ कहाँ चाहिँ ९ करोडमात्रै सदस्य रहेको चिनिया कम्युनिष्ट पार्टी यो नै दुनियाको सबभन्दा ठुलो पार्टी हो कि भन्ने मलाई लाग्या थियो तर भारतीय जनता पार्टीको त १७ करोड सदस्य भएको राजनीतिक पार्टी रहेछ । त्यो सत्ता बसेको पनि सत्ताको नेतृत्व गरेको पार्टी हो । १७ करोड सदस्य भएको पार्टी हो । त्यो पार्टीसँग पनि इन्टरएक्सन बढ्नु त्यो आफैमा एउटा सकारात्मक कुरा हो भन्ने उहाँले भन्नुभा' छ यो कुरा अत्यन्तै सकारात्मक छ । तर सँगसँगै सम्माननीय अध्यक्ष महोदय, केही चुनौतीहरू र केही डेन्जरहरू खतराहरू पनि मैले देखिराखेको छु जुन नयाँ एउटा अर्को आयाम जसबाट म नेपाल सरकारलाई र नेपालका राजनीतिक पार्टीहरूलाई म ध्यानाकर्षण गर्न चाहन्छु त्यो आयाम के हो भन्दाखेरि र नेपालमा आफूल राष्ट्रिवादी भन्ने नेपालमा आफूलाई जहिले पनि प्रस्तुत गर्ने कि म मात्रै देशभक्त हो । म मात्रै सबभन्दा बढी राष्ट्रवादी हुँ भन्ने प्रस्तुत गर्नेहरूलाई कानमा लाग्नुपर्ने बतासको सन्दर्भमा मैले केही विषय उठाउन चाहन्छु भने हिजो एमसीसी पास हुँदाखेरि या पास गर्ने सन्दर्भमा हाम्रो नेपालभित्र आन्तरिक छलफल भइराख्दाखेरि चीन चाहिँ एमसीसी पास गर्नुहुँदैन भनेर खुल्ला रूपमा आयो अमेरिका चाहिँ पास गर्नुपर्छ भनेर खुला रूपमा आयो यो एउटा सन्दर्भ हो । दोस्रो सन्दर्भ जब स्टेट पार्टनरसिप प्रोग्रामको कुरा आयो त्यसमा चाहिँ अमेरिकको चाहना थियो पास होस् भन्ने चाहना पास भन्नाले यसमा सिग्नेचर होस् भन्ने चाहना; थियो । अगाडि बढओस् भन्ने चाहना थियो त्यसमा पनि चिनियाहरू चाहिँ खुलेर यो हुनु हुँदैन र नेपाल सरकारले एउटा कोइसन लिइसकेपछि चिनियाँहरूले अफिसियल स्टेटमेन्ट जारी गरेर स्वागतयोग्य कुरा हो । नजानु त्यसमा स्वागतयोग्य कुरा हो भनेर चिनियाँहरूले भन्यो । स्टेट पार्टनरसिप प्रोग्रामको

सन्दर्भमा पनि अमेरिका र चीनको यसरी दुइटा किसिमको दुइटा पोलमा उभिएको विचारहरू पनि हाम्रो अगाडि आयो र तेस्रो अहिले भर्खरै भर्खरै अहिले जे नेपालमा आउँदै छ अमेरिकी अमेरिकी राजदूत डिन मिस्टर डिन थम्सन उसले पार्लियामेन्ट्री ह्यरिङमा सिनेटको पार्लियामेन्ट्री ह्यरिङमा अमेरिकामा के भन्यो भन्दाखेरि ती चिनियाँहरूको डिस्इन्फर्मेसनको क्याम्पियन हुँदा हुँदै पनि एमसीसी जुन पास भो' नेपालमा त्यो राम्रो कुरा हो भनेर उसले भन्यो ह्यरिङको सन्दर्भमा भने त्यसको तुरुन्तै खण्डन गरेर चिनियाँ राजदूतावासले काठमाडौंको चिनियाँ राजदूतावासले, उसको प्रवक्ताले स्टेटमेन्ट जारी गरेर यो अमेरिकाको डिस्इन्फर्मेसन हो । यो गलत हो । यो चाहिँ झुट बोलेको छ । त्यस्तो कुरा चाहिँ हुँदै होइन भन्ने किसिमबाट बोलेको छ ।

यो तीनटा उदाहरण दिएर सम्माननीय अध्यक्ष महोदय, म के मात्रै भन्न चाहन्छु भने र के कुरामात्रै म इङ्गितमात्रै होइन कि एउटा सरकारलाई र नेपालको मेजर पोलिटिकल फोर्सेसलाई गम्भीरतासाथ सिरियस ध्यानाकर्षण मेरो के हो भने म सम्झन्छु जतिबेला एमसीसी पास भा' थियो त्यतिबेला नेपाल सरकारको परपराष्ट्र मन्त्रालय बहुत ऐतिहासिक बहुत एउटा सङ्केतिक र बहुत राम्रो सकारात्मक स्टेटमेन्ट जारी गर्‍या थियो । एमसीसी पास गर्ने कि नगर्ने ? कुन देशसँग ऋण लिने कि नलिने ? कस्तो सर्तमा ऋण लिने ? अनुदान कस्तो लिने ? This is the यसको बारेमा डिसिजन गर्ने this is the sovereign right of the Nepali government Nepali people and that statement is correct. यो अत्यन्त मैले जोड दिन खोजेको कि नेपालमा, नेपालमा कुन विषयमा कसरी जाने यो नेपाली जनताको sovereign अधिकारको कुरा हो । नेपाल सरकारको कुरा हो । नेपाली जनताको कुरा हो ।

हामी sovereign नेपाली sovereign country. सार्वभौमसत्ता सम्पन्न नेपाल एउटा मुलुक हो । हाम्रो विषयमा एमसीसी लिनुहुन्छ कि लिनुहुँदैन ? एसपीपीमा जानुहुन्छ कि हुँदैन ? या चाहिँ यो अथवा त्यो रूपमा नेपाललाई प्लेइङ ग्राउन्ड बनाउनेतिर दुनियाँका शक्तिहरू त्यतातिर अग्रसर भ'को छ । हामी नेपाली पिपिल नेपालको पोलिटिकल पार्टीहरूलाई ध्यानाकर्षण गर्न चाहन्छु मुख्य नेताहरूलाई म ध्यानाकर्षण गर्न चाहन्छु कि नेपाल यी शक्ति राष्ट्रहरूको प्लेइङ ग्राउन्ड नबनोस् र खुल्ला रूपमा स्पष्ट रूपमा नेपाल सरकारले नेपाली जनताले नेपालको राजनीतिक पार्टीहरूले भनेस् कि नेपालको कुनै विषयमा नेपालको कुनै पनि विषयमा निर्णय लिने sovereign अधिकार नेपाली जनताको तिमीहरू बोल्न पाउँदैनौं

तिमीहरू बोल्यौं कि हाम्रो अन्तरिम मामिलामा हस्तक्षेप हुन्छ यो । यो कुरा भन्न सक्नुपर्छ नेपाल सरकार र नेपालका राजनीतिक पार्टीहरूले यो कुराले चाहिँ यसरी नै लिएर अगाडि जाओस् भन्ने ध्यानाकर्षण गर्न । सम्माननीय अध्यक्ष महोदय मैले यो समय लिएँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिम लाल भट्टराई । समय सत्र मिनेट । यसपछि माननीय विना पोखरेल ।

**<u>माननीय श्री खिम लाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज मलाई लाग्छ हामी सबैको यतिबेलाको चिन्ता हामीले धेरै ठुलो सङ्घर्षबाट प्राप्त गरेको लोकतन्त्रमाथि प्रश्न नउठोस् धेरै ठुलो त्याग बलिदान कुर्बानीबाट प्राप्त गरेको गणतन्त्र गणतन्त्रको साथमा संघीयतालगायतका मुद्दाहरू हामीले जे स्थापित गरेका छौं यो ठुलो बलिदानबाट हामीले गरेको हो र यसमाथि प्रश्न नउठोस् यसका विरुद्धमा जनतामा निरासा असन्तुष्टि र आक्रोश पैदा नहोस् हामी सबैको चिन्ताको विषय यो हो भन्ने मलाई लाग्छ र संसदमा सांसदहरूले बोल्दाखेरि सत्तापक्ष प्रतिपक्ष सबैको कुरा सुन्दाखेरि यिनै विषयमा केन्द्रित छन् र चिन्ता छ मनभित्र चिन्ता छ भन्ने चाहिँ त्यो देखा पर्छ तर सत्तापक्षको व्यवहार र मूलतः सरकारको व्यवहार योभन्दा भिन्न देखिन्छ एउटा संसदको हिसाबले संसदले सरकारलाई निग्रानी गर्ने कुरा र त्यसका कामहरूलाई नियन्त्रण गर्ने कुरा गलत कामहरूलाई खबरदारी गर्ने नियन्त्रण गर्ने कुरा र काम पनि सदनको हुन्छ । त्यसमा पनि अझै बढी राष्ट्रिय सभाको यो एउटा जिम्मेवारी हुन्छ कि भन्ने मलाई लाग्छ यसतर्फ हाम्रो ध्यान गएको छ कि छैन ?

अहिले यतिबेला राजनीतिमा राष्ट्रियताको सन्दर्भमा अहिले जे चिन्ता प्रकट भर्खरै सत्तापक्षको माननीयज्यूले गरेर जानुभा' छ । सुरुमा अलिकति पोजेटिभजस्तो कुरा गरेर पछि त वाहाँले धेरै गम्भीर कुरा चाहिँ राखुभो' राष्ट्रियताकै सन्दर्भमा अर्थतन्त्रको विषयमा राजनीतिको विषयमा कति गम्भीर प्रश्न चाहिँ अहिले उठिरा' छ सोसाइटीमा समाजमा यो स्थिति किन पैदा भो' ? किन पैदा भइरा' छ ? यसको सिधा उत्तर छ । सरकारको गैरजिम्मेवार व्यवहार सरकारको असक्षमता अयोग्यताको कारणले आज यो प्रश्न चाहिँ उठिरा'

छ यो विरोध आक्रोश, असन्तुष्टि, निरासा यो सबैको पछाडि यो सरकारको गतिहीनता र यसको अयोग्यताको परिणाम हो भन्ने मलाई लाग्दछ । र यसलाई सत्तापक्षको हिसाबले यसलाई सच्याउने दम यहाँहरूले राखुहुन्छ भनेदेखि त्यसलाई त हामी प्रतिपक्षको हिसाबले स्वागत गरिहाल्छौं सच्याउनुस् सच्याएर अगाडि बढाउनुस् अस्ति मैले बोल्दाखेरि सरकारकै बारेमा यो सरकारबाट यसबाट गतिको अपेक्ष राख्ने कुरा यो मलाई लाग्छ यो चाहिँ फेरि निरासामा जाने कुरा हुन्छ सत्तापक्षभित्रैबाट यसको विकल्पको खोजी गर्नुस् बरु त्यहाँ केही गतिशिलता केही परिवर्तन केही आशा जगाउने काम हुन सक्छ कि मैले यसभन्दा अगाडि पनि मैले बोल्दाखेरि पनि भन्या थिएँ र आज चाहिँ विकास खर्च भएन ५७ प्रतिशतमात्रै विकास खर्च छ । यो संघीय सरकारको भनेपछि विकासका काम ठप्प छन् भन्ने त सिधै बुझिन्छ नि ठेकेदारहरूको भागाभाग हुने विकासको कामहरू ठप्प हुने आज राजनीतिलाई कता लैजान भन्या छौं हामीले विकास र समृद्धिमा केन्द्रित गर्ने भन्या छौं । राजनीतिक द्वन्द्व सकियो नेपालको अब विकासका मुद्दामा राजनीतिक दलहरूको बिचमा द्वन्द्व होस् भनेर हामीले आह्वान गर्या छौं विकासका मुद्दामा राजनीतिक द्वन्द्व होस् अब राजनीतिक विषयमा झग्डा गर्ने दिन सकियो नेपालको । हामीले यही कुरा स्थापित गर्न खोजेको होइन ? तर आज फेरि राजनीतिक मुद्दामा केन्द्रित गर्न हामीले खोजिरा' छौं । त्यसकारणले बाटो नै गलत भइरा' छ र विकास निर्माणको काम यो चाहिँ ठप्प भइरा' छ । त्यसकारणले आज जता राजनीतिलाई लैजानुपर्ने हो त्यसतर्फ गइरा' छैन ।

उद्योग धन्दाहरू हामीले लागु गरेको गलत कर नीतिको कारणले आज उद्योग धन्दाहरू बन्द हुँदैछन् । सेनिटेरी प्याटसम्बन्धी उद्योगहरू, नेपालका उद्योगहरू चाहिँ बन्द हुने स्थितिमा पुगिरा' छन् । Glabanising वायरसम्बन्धी उद्योगहरू बन्द हुँदै छन् । घ्यू तेलसम्बन्धी उद्योगहरू बन्द हुँदै छन् । किन त्यस्तो भइरा' छन् भन्दाखेरि विदेशबाट ल्याइने कच्चा पदार्थहरूमा कर बढी लगाइयो यो अन्तर्राष्ट्रिय करको सिद्धान्तभन्दा विपरित नेपाल सरकारले अर्थ मन्त्रालयले ल्याउँदै गरेको बजेटमा जुन खालको चाहिँ गलत नीति अख्तियार गरियो त्यसको कारणले गर्दाखेरि विदेशबाट आउने आयातित विदेशमा उत्पादित वस्तुहरूमा चाहिँ कर कम कच्चा पदार्थमा कर बढी हुँदाखेरि आज चाहिँ हाम्रा स्वेदशी उद्योगहरू बन्द हुने स्थितिमा पुगेका छन् यस सम्बन्धमा सरकारले के भन्छ ? यो करको दर रेटमा परिवर्तन ल्याउँछ कि ल्याउँदैन ? यसलाई सच्याउँछ कि सच्याउँदैन ? कि त्यही

हिजो सेटिङको आधारमा बिचौलियाहरूलाई राखेर जुन हिसाबले चाहिँ ट्याक्सको सिस्टम बसाल्न खोजियो त्यसैमै अडिरहन्छ सरकार ? प्रधानमन्त्रीज्यूले के भन्नुहुन्छ ? सरकारले के भन्छ ? यी उद्योगहरूको बारेमा के भनिन्छ ? यो उद्योगहरूलाई के गर्ने हो ? यसतर्फ सरकारको म ध्यानाकर्षण गर्न चाहन्छु । हामीले स्वेदशका उद्योगहरूलाई विशेष सुविधाको व्यवस्था गर्नुपर्यो सब्सिडी प्याकेज चाहियो अनि बल्ल नेपाल उद्योगमा जान्छ हजारौं उद्योग खोल्ने यहाँबाट उद्घोष गरियो तर भएका उद्योगलाई बन्द गर्ने खास अर्थमा बन्द गर्ने नीति लिइयो तर यहाँबाट उद्घोष गर्दाखेरि चाहिँ हजारौं नयाँ उद्योगहरू खोल्ने भनेर उद्घोष गरियो यो जनतालाई ठग्ने, देशलाई ठग्ने यो काम बन्द गरियोस् भनेर म अनुरोध गर्न चाहन्छु ।

अध्यक्ष महोदय, अर्को विषय यो नागरिकताको विषय गम्भीर विषय हो यसको बारेमा धेरै व्यख्या गर्नै परेन यसलाई छिटो ल्याउनुपर्यो यसलाई छिटो टुङ्ग्याउनुपर्यो प्रतिनिधि सभाबाट पनि म भन्न चाहन्छु फास्ट ट्र्याकबाट अगाडि बढाइयोस् र राष्ट्रिय सभाबाट पनि यसलाई छिटोभन्दा छिटो पास जाऊँ । नागरिक अनागरिक भइराखेको स्थिति छ । त्यसकारणले सरकार यसमा गम्भीर बनोस् र सरकारले यसलाई चाहिँ छिटोभन्दा छिटो अगाडि बढाओस् र एउटा कुरा मैले नागरिकताको विषयमा भन्नु पर्दाखेरि हामी नेपालीहरूले विदेशबाट नेपालमा विवाह गरेर आउने बुहारीहरूलाई हामील सम्मान गर्न आधार गर्न तयार छौं नेपालीहरूको मन ठुलो छ । बुहारीहरूलाई सम्मान गर्ने कुरामा आदार गर्ने कुरामा किनचित पनि हामीलाई कठिनाइ छैन हामी गर्छौं तर हाम्रा छोरीहरू जो विदेशमा विवाह गरेर जान्छन् । उनीहरूले पनि नेपालमा जस्तै अधिकार प्राप्त गरुन् । छोरी र बुहारीहरूको बिचमा विभेद नहोस् यसतर्फ पनि सरकारको ध्यान जाओस् यसतर्फ पनि हाम्रो ध्यान जाओस् भनेर मैले यो नागरिकताको विषयमा कुरा उठाउँदाखेरि मैले यो सन्दर्भमा पनि मैले यहाँ निर जोड्न चाहन्छु ।

अध्यक्ष महोदय, अर्को कुरा संघीयताको बारेमा धेरै गम्भीर प्रश्न उठिरा' छ । यसको संरचनाको बारेमा संरचनालाई विकास गर्ने कुरामा कानुनी हिसाबले त्यसलाई बलियो बनाउने कुरामा आर्थिक हिसाबले यसलाई मजबुत बनाउने कुरामा प्रशासनिक हिसाबले सुरक्षाको हिसाबले कसरी प्रदेशलाई हामीले बलियो बनाउने संघीयतालाई कसरी मजबुत बनाएर अगाडि लैजाने यसतर्फ सरकारको किनचित पनि ध्यान छैन । यो मेरो आरोप होइन यो यथार्थ हो । सरकारको यसमा ध्यान छैन । संघीयताको बारेमा अरूलाई आरोप लगाउन

सजिलो छ तर सरकारको व्यवहार हेर्ने हो भने गठबन्धनको व्यवहार गर्ने हो भने आज चाहिँ संघीयतासित रिलेटेड कुराहरूमा चाहिँ कति विकृति फैलिरा' छ त्यसको नियन्त्रणको बारेमा त्यसको विरुद्धमा कसरी आक्रोश पैदा भइरा' छ समाजमा त्यसलाई convenience गर्ने कुरामा वा त्यस्तो आक्रोश पैदा नहोस् भन्ने कुरामा सरकार सचेत छ त यसको बारेमा १ घण्टा यो सरकारले सोच्छ ? यसको बारेमा प्रधानमन्त्रीज्यूले सोच्नुहुन्छ १ घण्टा ? एक मिनेट सोच्ने फुर्सद छ ? र म भन्न चाहन्छु यो संघीय निजामती विधेयक किन फिर्ता लिएको ? कहिले आउँछ यो कर्मचारीको हिसाबले जबसम्म प्रदेशहरू बलियो हुँदैन जबसम्म केन्द्रले कानुन बनाउँदैन तबसम्म प्रदेशको कानुन बन्दैन जबसम्म प्रदेशको कानुन बन्दैन तबसम्म स्थानीय तहको कानुन बन्दैन अनि संघीयता बलियो हुन्छ । अनि प्रदेशहरू बलिया हुन्छन् । अपेक्ष गर्न सकिन्छ ? अरू धेरै कुरा त बिग्रिरा' छ तर कानुन बनाउने कुरामा केन्द्रले तदारूकता देखाउनुपर्छ कि पर्दैन ? यसमा पनि छैन । अनि आरोप लगाइदेया छ अरूमाथि ल संघीयताको विरोध गर्यो भन्या छ । खाई त यो सरकारले के गर्यो ? अरू सबै कुरा त पुरानै सरकारले गर्या थियो त संरचना बनाउने कुरा जति कानुन बन्यो पुरानै सरकारले बनाथ्यो आर्थिक व्यवस्थापन पुरानै सरकारले गर्या थियो अहिले जे चालु छ । प्रशासनिक व्यवस्थापन यो सब पुरानै सरकारले गर्या थियो नि अहिलेको सरकारले के गर्या छ ? र यो बन्दै गरेको कानुन पनि किन फिर्ता लिएको ? र अब के गर्न खोजिरा' छ ? म यो प्रश्न गर्न चाहन्छु र यसको कारणले गर्दाखेरि आज कर्मचारी भर्ना रोकिएको छ । अरू चाहिँ व्यवस्थापनका कामहरू पनि सम्पूर्ण रूपले ठप्प भइरा' छ । त्यसकारणले गर्दाखेरि मलाई लाग्दछ प्रदेशले ठिक ढङ्गले काम अगाडि बढाउने कुरामा यसले पनि समस्या पैदा गरिरा' छ त्यसकारणले गर्दाखेरि म सरकारको यस सन्दर्भमा ध्यानाकर्षण गर्न चाहन्छु । अर्को कुरा हामीले लोकतन्त्रलाई आज भोलि एउटा सानो ठाउँमा पनि घटना घट्यो भने त्यो देशव्यापी भइहाल्छ सूचना सञ्चारको कारणले गर्दाखेरि घटना एउटा ठाउँमा हुन्छ एउटा पालिकामा हुन्छ पालिकाको पनि खास एउटा ठाउँमा हुन्छ तर त्यो देशव्यापी हुन्छ र त्यसले एउटा चाहिँ व्यवस्थाकै बारेमा प्रश्न उठाइदिनसक्छ ।

त्यस्तै भा' छ यो तिलोत्तमाको नगरपालिकामा तिलोत्तामा नगरपालिकामा हिजो जुन घटना घट्यो मैले त्यहाँभित्रको अरू विषयवस्तुको बारेमा म जान्नँ तर आज देशमा यो लोकतन्त्र हो कि यो प्रहरीको सेक्युरिटीको चाहिँ शासन चलाउन खोजेको हो यो देशमा

डीएसपीले, म नामै लिन चाहन्छु । डीएसपी ठग बहादुर के. सी. ले त्यहाँको वडा अध्यक्ष हरि बहादुर क्षेत्रीलाई तपाईंले सामाजिक सञ्जालमा हेर्नुभो' भने अहिले व्यापक त्यसलाई त्यो आइरा' छ त्यसलाई देख्न सक्नुहुन्छ । उनलाई घोक्रिआएर चाहिने पोखरीमा चोबलेको छ । यही हो लोकतन्त्र ? यसले लोकतन्त्रलाई स्थपित गर्छ । यसले गणतन्त्रलाई स्थपित गर्छ । यस्तै व्यवहारले ?

डिभेटहरू हुनसक्छ लोकतन्त्रमा लोकतन्त्रको सुन्दरता भनेकै बहसबाटै निस्कर्षमा पुग्ने पद्धति हो बाहसहरू हुन सक्छन् । विवादहरू हुन सक्छन् छलफल हुन सक्छ कहिलेकाहिँ चालु बैठकलाई रोक्नुपर्ने हुनसक्छ । लोकतन्त्रमा त्यसो गरिन्छ कि पुलिस लगाएर चाहिँ शासन गर्ने कोसिस गरिन्छ । पुलिस लगाएर शासन गर्ने कोसिस भइरा' छ गृहमन्त्रीको भाइ त्यहाँ मेयर हुनुहुन्छ । गृहमन्त्रीज्यूको अन्डरमा पुलिस छ । अनि पुलिस लगाएर अनि शासनको दम्भ show गर्ने ? देखाउने ? अनि यसैले चाहिने हाम्रो लोकतन्त्र, गणतन्त्र यो बच्छ भन्ने हामीले ठान्या छौं यसरी चाहिँ स्थापित हुन्छ भन्ने ठान्या छौं र सधैंभरि दिगविजयी हो यो । अहिलेको गठबन्धन दिग्विजयी हो सधैंभरि यो चालुरहिरहने हो ? रहिरहन्छ भन्ने ठानिरा' छौं हामीले ? म चाहिँ गृहमन्त्रीज्यूले वाहाँको भाइ मेयर भ'को ठाउँमा वाहाँको पुलिसले त्यो ज्यादती गरेको छ । म गृहमन्त्रीज्यूले त्यहाँको डिटेल रिपोर्ट यो सदनमा पस गर्नुपर्छ वाहाँले भन्नुपर्छ कसरी जाने भनेर त्यो डीएसपी कारबाहिमा पर्छ कि पर्दैन ? हामी हेर्छौं । पर्छ कि पर्दैन त्यो ? कार्यक्रम भइरहेको परिसरमा जनप्रतिनिधिलाई घोक्र्याएर पोखरीमा चोबल्ने डीएसपी त्यो कारबाहिमा पर्छ कि पर्दैन ? हामी हेर्न चाहन्छौं र गृहमन्त्रीले के भन्नुहुन्छ त्यो सबै वाहाँको भाइ मेयर भ'को ठाउँको विषयमा वाहाँ के भन्नुहुन्थ्यो त्यो हामी सुन्न चाहन्छौं । कसरी वाहाँले यो लोकतन्त्र अगाडि बढाउनु चाहनुहुन्छ त्यो हामी सुन्न चाहन्छौं वाहाँको जवाफ आओस् भनेर म जवाफ माग गर्न चाहन्छु ।

अर्को कुरा । हामी यो राष्ट्रिय सभामा छौं राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयकहरू बाह्रओटा विधेयकहरू के हुँदै छन् ? प्रतिनिधि सभाले के गर्दै छ ? यो संघीय संसद हो । संघीय संसदमा राष्ट्रिय सभाबाट पास भएर २०७५ सालदेखि विधेयकहरू प्रतिनिधि सभाले अड्काइरा' छ । खारेज हुने स्थिति उत्पन्न भइरा' छ भने प्रतिनिधि सभाको सभामुखले के गर्दै हुनुहुन्छ ? प्रतिनिधि सभाले के गर्दै छ ? सरकारले के गर्दै छ ? र ती विधेयकहरू ती

आवश्यक विधेयक होइनन् तिनी खारेज गर्ने होइन भने ती विधेयकहरू यहाँ आउनुपर्यो कानुन बनाउने कुरामा लोकतन्त्रमा कानुन कानुनी व्यवस्था कानुन सबैभन्दा महत्त्वपूर्ण कुरा हो । भनेदेखि प्रतिनिधि सभाले कानुन बनाउने छोडेर के गर्दै छ ? ७५ सालदेखिका विधेयकहरू किन अल्झाएर राखिराखेको छ र म माग गर्न चाहन्छु ती विधेयकहरू यसै सदनमा तुरुन्तै यो राष्ट्रिय सभामा फिर्ता आउनुपर्यो उहाँहरू कसरी ल्याउनुहुन्छ हामी राष्ट्रिय सभाले अस्ति भर्खरै चारओटो विधेयक समितिमा नलगिकन यही राष्ट्रिय सभाबाट सम्झदारी बनाएर हामीले पठाछौं त्यसै गरी पठाउनु मिल्दैन ? राष्ट्रिय सभाको छलफललाई स्वीकार गर्न मिल्दैन ? म चाहिँ सोधन चाहन्छु । राष्ट्रिय सभाले त त्यसरी पठायो नि त वाहाँहरूले पास गरेर ल्याएका विधेयकहरू हामीले त सभाबाटै पठाइदियौं समितिमा पठाएनौं फास्ट ट्र्याकबाट हामी अगाडि बढ्यौं भने प्रतिनिधि सभाले के गर्छ ? तर ती विधेयकहरू चाहियो म माग गर्न चाहन्छु ।

अर्को कुरा सार्वजनिक लेखा समितिको सभापतिको म तुरुन्त राजीनामाको माग गर्छु मैले जिम्मेवारीपूर्वक यो कुनै मैले एउटा विषय उठाउनको लागि उठाएको छैन । सार्वजनिक लेखा समितिको सभापति प्रतिनिधि सभाको यो सुशासनको कुरा हो । यो भ्रष्टाचार मुक्त नेपाल हामी बनाउने कुरा गर्छौं भनेदेखि यो त्यो कुरा हो । जसले ढुकुटीको चाबी हातमा लिन्छ । उसैले हिसाब राख्ने उसैले छनबिन गर्ने त्यसो हुन्छ ? यो लोकतन्त्रको मूल्यको कुरा हो यो ? अनि हामीले अपनाएको संसदीय मान्यताको कुरा हो यो ? जसले ढुकुटीको साँचो हातमा लिन्छ उसले चाहिँ उसैले हिसाब राख्ने ? उसैले छनबिन गर्ने उसैले लेखा परीक्षण गर्ने ? यस्तो हुन्छ । नेकपा एमालेलाई चाहिएको छैन । मैले नेकपा एमालेलाई सार्वजनिक लेखा समितिको सभापति दिनुस् भनेर मैले अनुरोध गरेको छैन तर प्रतिपक्षलाई दिने यो संसदीय परम्परा हो । यो लोकतन्त्रको मूल्य हो, मान्यता हो त्यसकारणले राजीनामा दिनुस् र यो चाहिँ यो प्रतिपक्षबाट चाहिँ सार्वजनिक लेखा समितिको सभापति बनाउनुस् भनेर म यसको ध्यानाकर्षण गर्न चाहन्छु । गम्भीरतापूर्वक ।

र अर्को कुरा अस्तिमात्रै हाम्रो, (एक मिनेट अध्यक्षज्यू म यो कुरा टुङ्ग्याउँछु) अध्यक्ष प्रचण्ड नेकपा माओवादीका अध्यक्ष प्रचण्ड भारत भ्रमणमा जानुभो' बाहिर बोलेका कुराहरूको बारेमा मलाई त्यति टिप्पणी छैन । तर वाहाँ जुन एउटा मिटिङ बस्नुभएको छ र त्यो फोटो सामाजिक सञ्जालमा आएको छ । र सामाजिक सञ्जालमै वाहाँले यथार्थ

बताउनुहोला । वाहाँले यथार्थ बताउनुहोला म माग त गर्न चाहन्नँ तर एउटा देशको नेता भएको हुनाले पूर्वप्रधानमन्त्री भएको हुनाले वाहाँले बताउनुहुन्छ भन्ने मेरो विश्वास छ । वाहाँ जुन मिटिङ बस्नुभो' र सामाजिक सञ्जालमा बाहिर जे सन्देश देशमा आएको छ । त्यो भनेको के छ भने पदको बाँडफाँट त्यहाँ बसेर गरियो भन्ने कुरा छ । सत्ता गठबन्धन जोगाउने काँध राख्न अगाडि बढ्ने र त्यसको साथमा चाहिँ पदको बाँडफाँट गरेर को राष्ट्रपति हुने के प्रधानमन्त्री हुने कति टाइम को बस्ने त्यसपछि को बस्ने भन्ने खालको कुरा गरियो भन्ने कुरा आएको छ । यो नहोस् यस्तो कुरा हिजो राणाकालमा यस्तो कुरा हिजो राणाकालमा हामीले सुन्यौं कतिपय घटनाहरूमा त्यसपछि पनि सुन्यौं तर यस्तो नहोस् अबको नेपालमा यो लोकतन्त्र यो गणतन्त्र हामीले यसको लागि ल्याएको होइन विदेशी भूमिमा गएर सिटको बाँडफाँट गर्ने पदको लागि चाकरी गर्ने हामीले भिष मागेर चाहिने पद पदासीन हुनुभन्दा भिकारी नै भएर सडकमा हिँड्नु मजा हुन्छ । त्यसकारणले यस्तो कुराको सन्देश अहिले देशमा गइराखेको छ यो दुखदायी कुरा हो र यसले नेपालको लोकतन्त्रलाई बलियो बनाउँदैन यो लोकतन्त्र भनेको यो गणतन्त्र भनेको जनताको बिचमा जाने हो । जनतासँग माग्ने हो पद जनता ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय बिना पोखरेल । समय पाँच मिनेट । यसपछि माननीय गोमा देवी तिमल्सिना।

**<u>माननीय श्री बिना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- अध्यक्ष महोदय, व्यापक चर्चा र चासोको विषय बनेको नागरिकता संशोधन विधेयक प्रतिनिधि सभामा पास भइसकेको छ । बुझाइमा एकरूपता छैन । सांसदहरू के गर्छन् ? राष्ट्रिय र राष्ट्रियताबारे कसरी सोच्छन् ? जस्ता प्रश्नहरू यात्र तत्र सुन्न सकिन्छ एउटा विधेयकमा माथि लामो समय खर्चिएर त्यसलाई फिर्ता लिई त्यही विषयको विधेयक अर्को ढङ्गले ल्याउँदा र फास्ट ट्र्याकबाट पास गर्ने प्रक्रिया अवलम्बन गर्दा प्रश्नहरू उठेका छन् यहाँ भ्रम पैदा हुन खोजेको छ । नागरिकता प्राप्त गर्ने कुरा नागरिकको संविधान प्रदत्त अधिकारको कुरा हो । कुनै पनि नागरिक अनागरिक हुनुहुन्न तर नाकरिकता प्राप्त गर्ने कुरामा आमा बुबा भनेर विभेद गरिनुहुन्न आमाको नामबाट नागरिकता प्राप्त गर्ने कुरालाई पनि सहज बनाइनुपर्दछ ।

हाम्रो देशको भूबनोट र अवस्थित खुल्ला सीमा र निर्बाध आवत जावत एवम् बसोबास र छिमेकी राष्ट्रसँगको सामाजिक संस्कृतिक सम्बन्धलाई पनि गम्भीरतापूर्वक ख्याल गरिनुपर्दछ । किन कि यो विषय राष्ट्रियतासँग जोडिएको संवेदनशील विषय हो । नेपाली आमाबाट नेपाल सरहदभित्र जन्मिएर हुर्किएर हुर्की बढेकाले अनागरिक भएर पीडा भोग्नु र अधिकार अवसरहरूबाट वञ्चित हुनु दुःखको कुरा हो । तर हाम्रो तराई मधेसको जनसङ्ख्या तीब्र गतिमा बढ्नका पछाडि पछाडिका कारणहरूको खोजी पनि गरिनुपर्दछ र नागरिकताका कारण हामी जनसाङ्ख्यिक अतिक्रमणमा नपरियोस् भन्ने कुरालाई ख्याल गरिनुपर्दछ । नागरिकताको विषयमा छिमेकी मुलुकहरूले गरेको कानुनी व्यवस्था र प्रयोगलाई पनि हेरिनुपर्दछ फेरि पनि मैले दोहोराए नागरिकताको विषयमा छिमेकी मुलुकहरूले गरेको कानुनी व्यवस्था र प्रयोगलाई पनि हेरिनुपर्दछ । नागरिकता प्रदान गर्ने विधि सरल तर नागरिकतासम्बन्धी हाम्रो नीति भने कठोर हुनुपर्दछ भन्ने मलाई लाग्द छ यो नीति कठोर हुनुपर्दछ । फेरि मैले दोहोऱ्याएँ र आर्थिक, सामाजिक, संस्कृतिक अधिकार पाउने गरी गरैआवसीय नागरिकता प्रदान गर्ने कुरा स्वागतयोग्य छ । जसले मुलुकको सम्वृद्धिको लागि लगानीलाई आकर्षित गर्दछ र जन्मभूमि र पितृभूमिप्रतिको आकर्षण र मोहलाई निरन्तरता दिन्छ । नागरिकताजस्ता राष्ट्रियतासँग जोडिएका अति संवेदनशील तथा राष्ट्रलाई दूरगामी प्रभाव पर्ने विषयमा दल नेता र जनताको समान सोच र धारणा बन्न नसक्नु दुखद कुरा हो । राष्ट्रिय महत्त्वको विषयमा सिङ्गो राष्ट्रका एउटा नीति धारण बन्न सकोस् । होस् त, धन्यवाद ।

**<u>पीठासीन</u>**ः- माननीय श्री जयन्ती देवी राई ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोमा देवी तिमल्सिना समय छ मिनेट । यसपछाडि माननीय प्रमिला कुमारी ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज मैले अलिक फरक विषयमा प्रस्तुत गर्न अनुमति चाहन्छु । हामी सधैं बिहन बेलुका हिँड्दाखेरि काठमाडौंको फोहोर महिला दुर्गन्धमा हामी

सबैजना परिचित छौं । यो सधैं फोहोर महिलालाई थुप्रिएको दुर्गन्धले हिँडी साध्य छैन अहिले हैजा पनि फैलिएको भनेर दिनदिनै प्रचार भइराखेको यसबाट हामी जोगिने कुराहरूलाई पनि हामीले ध्यान कसरी दिने सबै मुलुकका जनसमुदायहरू सँगसँगै काठमाडौं बासीले यो फोहोर महिलासँगै पौठेजोरी खेलिरहेको अवस्थामा मलाई के लाग्यो भने आज अगि आउँदाआउँदै अलिकति पत्रिका पढें मैले त्यो पत्रिकामा पनि के देखें भने महानगर मेयरले यो फोहोरलाई व्यवस्थित गर्नको लागि जग्गा खोज्दै गरेको ४०-५० रोपनी जग्गा अनि ६५ करोड कति पैसा आदि भयो भने हामीले कारखाना खोल्न सक्छौं भने कुराहरू लेखेको पत्रिकामा मैले पढें । अब यदि त्यसरी नै त्यो कारखाना निर्माण गर्ने बेलासम्म यो फोहोर हामीले थुपारिरहने त्यो उचित हुँदैन त्यसो भ'को हुनाले म एउटा अनुरोध गर्न चाहन्छु अध्यक्षमार्फत वर्तमान सरकारलाई अनुरोध गर्न चाहन्छु ।

मकवानपुर जिल्लाको मनोहरी गाउँपालिकामा अवस्थित एउटा उद्योग छ त्यो उद्योगमा यो फोहोर महिलासम्बन्धी काम गर्ने फोहोर महिलासम्बन्धी छुट्याउने मेसिनहरू उत्पादन हुन्छ । त्यो मेसिन जापान जान्छ यहाँबाट जहाँ कि हाम्रो नेपाले त्यो मेसिनलाई खरिद गर्दैन । त्यहाँ धेरैपटक कुरा उठाको छ त्यो जसले त्यो उद्योग सञ्चालन गरेका छन् ती उद्यमीले धेरै ठाउँमा लबिङ गर्न खोजे तर त्यो पर्याप्त हुन सकेन अब त्यसले के के बन्दो रहेछ त त्यो उद्योगले त्यो उद्योगले गन्यामगुरुम सबै पेल्छ पेलिसकेपछि एक ठाउँमा मल अनि अर्को ठाउँमा मल यहाँ टिप्पणी नै गर्या छु त्यो मेसिनले फोहोरबाट मल निकाल्न सक्छ । मेसिनबाटै फोहोरलाई छान्ने त्यसपछि एउटा वातावरणमैत्री कोइला उत्पादन गर्छ । अनि त्यो कोइलाको पत्थर कोइलाको ठाउँमा त्यसले काम गर्न सक्छ अन्ग्यानिक मल उत्पादन गर्छ अनि त्यहीबाट ग्याँससमेत निकाल्न सकिछ । यो ग्याँसबाट विद्युत्को कम हुन्छ अनि ती रहेका कङ्क्रिटहरू जुन छ ती छानिएर रहेकाहरू कङ्क्रिटहरू त्योबाट सिमेन्ट उत्पादन गर्न सकिन्छ । यस्तो खालको मेसिन हाम्रै प्रदेशमा हामीहरूकै जिल्लामा हामीहरूकै ठाउँमा उत्पादन हुन्छ भने हामीले त्यो किन नगर्ने ? यहाँ करोडौं करोडौंको कुरा छन् । मैले त्यो बुझ्दाखेरि २-४ करोडमा त्यो मेसिन ल्याउन सकिन्छ । अनि त्यो मेसिनको ठाउँ चाहिँ कति एउटा मेसिन दस धुर जति जमिनमा र दुइटा मेसिन राखे हो भने एक कट्ठा जति जमिनमा त्यो मेसिनले काम गर्न सक्दो रहेछ । त्यो भयो भने हामीले मल पनि उत्पादन गर्न सक्यौं । फोहोरलाई हामीले व्यवस्थापन गर्न सक्यौं यी सबै कुराहरू

लागि मध्ये नजर राख्दै हाम्रो राज्यले यस्तो उद्यमशील मानिसहरूलाई किन प्रोत्साहित नगर्ने जसले त्यो मेनिसले हामीलाई यो दुर्गन्ध भ'को जुन दुर्गन्धित फोहोर छ त्यसलाई नै व्यवस्थापन गर्छ हामीले मल पाउँछौं अनि कोइला पाउँछौं । त्यहाँबाट सिमेट पनि उत्पादन हुन्छ । त्यसपछाडि विद्युत् पनि उत्पादन हुन्छ । पर्याप्त देशभिरलाई पुग्ने नहोला जति सकिन्छ त्योबाट भएको उत्पादनलाई हामीले सदुपयोग गर्यौं भने (एक मिनेट) । सदुपयोग भयो भने सदुपयोग गर्यौं भने हामी अगाडि जान सक्छौं । सबै कुरामा हामी सम्पन्न हुँदै जान्छौं एउटा स्याङ्जामा छ अरे त्यो मल बनाउने फोहोरलाई पेलेर मल बनाउने भनेर चितवनका महानगरपालिकाबाट केही टिम गएर त्यहाँ हेर्यो तर काम चाहिँ गरेन हेरेर आउने जाने भत्ता खाने सयर गर्ने यो मात्रै काम गर्नुभन्दा यस्तो कामहरूमा ध्यान दियो भने हामी सम्पन्नशाली हुँदै जाने कुराहरू हुन सक्छ । यिनी कुराहरू राख्दै बिदा हुन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय प्रमिला कुमारी । समय पाँच मिनेट । यसपछाडि माननीय शेखर कुमार सिंह ।

**<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, केही दिनअगाडि राष्ट्रिय सभाको विशेष समितिले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन गर्न गण्डकी प्रदेश स्थिति पोखरा पुगेको थियो । त्यहाँको कार्यक्रममा प्रदेश सभा, स्थानीय तह, सीडीओलगायतका अन्य पदाअधिकारसँग प्रभारकारी छलफल भयो छलफलमा भाग लिनुभएका माननीय मन्त्रीज्यूहरूले पनि आआफ्नो जिज्ञासा राख्नुभएका थिए । गण्डकी प्रदेशका माननीय पर्यटन मन्त्रीज्यूले प्रमुख तीन दलकै शीर्ष नेताज्यूहरू संघीयता विरोधी हुनुभएकोले संघीयतालाई कसरी मजबुत बनाउन सकिन्छ भनेर टिप्पणी गर्नुभयो गण्डकी प्रदेशका माननीय आन्तरिक मामिला मन्त्रीज्यूले पनि आफ्नो जिज्ञासा राख्ने क्रममा भन्नुभयो प्रदेश प्रहरीको समायोजन उचित ढङ्गले हुन नसकेर प्रदेशमा शान्ति सुरक्षा कायम हुन सकेको छैन । सुरक्षाको लागि हारगुहार गर्नुपर्ने अवस्था छ । सीडीओ नै प्रदेश सरकार मातहतमा छैन भने कसरी प्रदेशहरू सुरक्षित हुन्छ ? छलफलमा उठेका थप कुराहरू पनि यहाँसमक्ष राख्न चाहन्छु । केन्द्र प्रदेश र स्थानीय तहमा स्पष्ट कार्यविभाजन हुन सकेको छैन साझा अधिकार र एकल अधिकारका सूची स्पष्ट हुनुपर्छ । दक्ष कर्मचारीको अभाव कुल बजेटको

दुई तिहाइ बजेट प्रदेश र स्थानीय तहले पाउनुपर्ने वित्तीय हस्तान्तरण गर्दा केन्द्रले प्रदेशलाई र प्रदेशले स्थानीय तहलाई गर्नुपर्ने प्रदेशले गरेको कार्यको अनुगमन केन्द्रले र स्थानीय तहले गरेको कार्यको अनुगमन प्रदेशले गर्दा कोअपरेटिभ फेडेरालिज्म मजबुत हुन्छ संघीय व्यवस्था उत्कृष्ट छ । तर पात्र फेरियो प्रवृत्ति फेर्न सकिएन व्यवस्था विकेन्द्रीकरण गर्न ल्याउने तर सबै अधिकार केन्द्रीकृत गर्न खोज्ने तालमेल नै भएन । संविधानले परिकल्पना गरेको समावेशिता लागु हुन सकेको छैन । नीति निर्माण गर्नुपर्ने सङ्घले, योजना बनाउनुपर्ने प्रदेशले र कार्यान्वयन गर्नुपर्ने स्थानीय तहले जस्ता कुराहरू कार्यक्रम उठेको हुँदा मैले यस गौरवान्वित सदनमार्फत नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु र साथै असर तिस गते प्रदेश प्रहरीको अधिकार कटौती हुने गरी जुन संशोधन विधेयक बहुमतले पास भयो त्यसको लागिमा खेद प्रकट गर्दछु । विशेष समितिले फेवा तालको पनि अनुगमन गर्यो पोखरा उपत्यकामा रहेको यो ताल आन्तरिक र बाह्य पर्यटकहरू माझ लोकप्रिय छ फेवा ताल गाउँको छेउमा रहेकाले यो तालको नाम फेवा राखुको साथै बैधाम गाउँको पनि छेउँमा पर्ने हुँदा बैदाम ताल पनि भनिने गरिन्छ । यस तालको बिचमा बराह मन्दिर हुनुको साथै यस तालमा माछापुच्छ्रे र अन्नपूर्ण हिमालको मनोरम दृश्य देख्न सकिन्छ घाम झुल्किदा र अस्ताउँदाको दृश्य अति नै मनमोहक हुन्छ । धैलागिरीलगायत अन्य पर्वतको टाकुराको प्रतिविम्बका लागि पनि यो ताल प्रसिद्ध छ । जुन यस तालको पनि पानीमा स्पष्ट देखिन्छ तर यसले पर्यटन व्यवसायमा ठुलो टेवा पुर्‍याउनुको साथै अत्यधिक आयआर्जनमा मदत पुग्छ तर अहिले तालमा जल जलकुम्भी र विभिन्न ठाउँबाट बगाएर ल्याएका मुढा, दाउरा कागजलगायतका फोहोरले प्राकृतिक सौन्दर्यतालाई बिगार्न लागेको छ । यस तालको जग्गा पनि अतिक्रमण गरी घर बनाउन लागेको र अन्य व्यक्तिगत कार्यमा प्रयोग हुन लागेको हुँदा समयमै आवश्यक कारबाही गर्न माग गर्दै नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय शेखर कुमार सिंह । समय पाँच मिनेट । त्यसपछाडि माननीय दिल कुमारी रावल ।

**<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, धेरै त होइन अलि अलि जुन कुरो चर्चामा आएछ । त्यस विषयदेखि नै म प्रवेश गर्न चाहिराख्या छु । नेपालको लोकतन्त्रको गहना मानौं सर्वश्रेष्ठ अधिकार मानौं यो एउटा सुविधाजनक स्थान मानौं भने त्यो नै संघीयता हो । त्यो संघीयताप्रति नै वितृष्णाउब्जने किसिमका कुराहरू गर्नु त सारै अनुचित हुन्छ जस्तो मलाई लाग्छ । त्यसैकारणले संघीयता जति बलियो भो यो मुलुक पनि त्यति बलियो हुन्छ । यसमा सविस्तारमा अहिले नजाऊँ पालो आयो भने जान पनि बेर लगाउँदिन ।

सम्माननीयज्यू जहिले पनि यो निजामती ऐन नै किन शिकार बनिराख्या छ ? हामीले बुझ्न सक्या छैनौं । सरकारले घटात छैन । म पटक पटक भन्दै आ' छु । नभइहुन्छ भने त्यो एउटा विशेष समिति गठन गराएर अध्ययन गराएर यो निजामती ऐनलाई त्यो सक्षम अधिकारीहरूलाई हामी सदुपयोग गरौं अझ पनि आग्रह गर्न सक्छु सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई दक्ष जनशक्तिलाई हामी उपयोगमा ल्याऊँ । त्यसलाई त्यसरी खेरा नफालौं म उमिद गर्छु सरकारले निश्चित रूपमा यसलाई ध्यान दिएर यो निजामती ऐन ५८ र ६० झन्झट छुटाइदिएर यो पूरै एसिया पैसिफिकमै साठी नै हो सबै ठाउँमा गर्दिंदाखेरि केही फरक पर्दैन । म यो राष्ट्रबाट पनि आफ्नो तर्फबाट पनि म मागकै रूपमा राख्न चाहन्छु ।

साथै हामी पटक पटक उठाइराख्या नागरिकतासम्बन्धी ऐन प्रतिनिधि सभाबाट यथाशीघ्र आउँदै छ । यसको लागि मैले सरकारलाई पनि धन्यवाद दिन चाहिराख्या छु । तर जति छिटो ल्याइदिएदेखि त नागरिकताबाट वञ्चित भएका हामी नेपाली दाजुभाइहरू त्यो दिन एउटा सिन्दुर यात्रा नै मानिन्छ जस्तो मलाई लाग्छ । यो नागरिकतालाई ढिलो नगरौं नगरिकतासम्बन्धीमा कसैलाई पनि लाग्छ मलाई द्वेष छैन । यसले धेरै सम्पूर्ण भूभागका धेरै नेपाली जनताले नेपाल र नेपालीबाट वञ्चित हुने कुरा आ'को छ । त्यो भावनाको रूपमा नपठाऊँ यसलाई नेपाली नै बनाएर राखौं । हामी नेपाली नै छौं र पक्कै पनि सरकारले नेपाली नै बनाएर राख्नुहुन्छ भनेर म विश्वास्त पनि छु । यसैप्रकारले प्रतिनिधि सभाबाट त आउँदै छ रे भन्ने पनि सुन्या छु । वरिष्ठ मन्त्रीज्यूहरू पनि हुनुहुन्छ वाहाँहरूको मार्फत पनि मैले सरकारलाई आग्रह गर्न चाहन्छु । यथाशीघ्र यी चलिराख्या राष्ट्रिय सभामा पनि पठाइदिएदेखि हामी हर्ष उल्लासका साथ पास गरेर पठाउथ्यौं ।

सम्माननीय अध्यक्षज्यू, के भनौं एउटै कुरो पटक पटक भनिराख्दा पनि आफू नै लाज लाग्ने तर परिस्थितिले बोल्याराख्या छ । खेती अन्तिमतिर गइसक्या छ । रोपाइँको बेलामा त मल पाइएन पाइएन अब पनि त मल नपाएदेखि त के होला हौं ? कम्तीमा त्यो पनि त एउटा निश्चित र सुनिश्चित त गर्दिऊँ हामी किसानलाई यति पक्की पनि सरकारले ध्यान पुऱ्याउनुहुन्छ भन्दै र सम्पूर्ण बेथितिको प्रदेश जे भइराख्या छ । प्रदेशले कर्मचारीमाथि दोष लगाउने सङ्घमाथि दोष लगाउने म त्यतातिर जान चाहन्नँ तर भई के राख्या छ भने संघीय सरकारले हेर्दिनुपर्छ त्यस्तो बेथितिहरू नआइदिए हुन्थ्यो भन्दै आफ्नो ..... यहीं अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय दिल कुमारी रावल । समय आठ मिनेट । यसपछाडि माननीय सुरेश कुमार आले मगर ।

**माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी जनताका प्रतिनिधि जनता प्रतिनिधिमूलक संस्था संसदमा प्रतिनिधिको हैसियतले राष्ट्रिय सवाल जनताका सवाल सरोकारका विषयमा सरकारलाई चासो जिज्ञासा प्रश्न सुझाव र टिप्पणीका माध्यमबाट आफ्ना विचारहरू राख्दै आएका छौं । हामीले अवलम्बन गरेको संसदीय प्रणालीमा सरकार जतिबेला पनि संसदप्रति जवाफदेही र उत्तरदायी हुनुपर्छ । किनकि संसदबाट नै सरकारको जन्म हुन्छ । तर वर्तमान सरकार अदालतको परमादेशबाट गठन भएको हो । यो कसैको आरोप र आलोचना होइन । यो त तितो यथार्थ हो । संविधानमा संघीय संरचना कार्यपालिका व्यवस्थापिका न्यायपालिकाको शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था छ । तर वर्तमान अवस्थामा त्यस्तो देखिदैन र छैन पनि न्यायपालिका कार्यपालिका र व्यवस्थापिका, न्यायपालिका आज कार्यपालिका र व्यवस्थापिकामाथि हावी छ । कार्यपालिका व्यवस्थापिकामाथि हावी छ । मलाई लाग्छ यो राम्रो सङ्केत होइन । संसदप्रति सरकार जवाफदेही र उत्तरदायी पनि छैन ।

विषयहरू उठिरहेका छन् । पक्का माननीयज्यूहरूले पनि महत्त्वका साथ सवालहरू उठाइरहनुभएको छ ज्यादै महत्त्वपूर्ण र आवश्यक विधेयकहरू संसदीय समितिमा अलपत्र छन् । लामो समय ठुलो लगानी भएका ती विधेयकहरू टुङ्ग्याउनेतर्फ सरकारको चासो र

सरोकार इच्छा शक्ति पनि वर्तमान सरकारमा देखिंदैन । संसद र समितिहरूको सुझाव निर्देशन कार्यान्वयनमा सरकार गम्भीर पनि देखिंदैन । वर्तमान सरकारको नेतृत्व सम्माननीय प्रधानमन्त्रीज्यूलाई सत्ता जोगाउने र गठबन्धन टिकाउनेमा मात्रै ध्यान देखिन्छ । सरकारका मन्त्रीहरूको पनि आफ्नो कुर्ची बनाउनेतर्फै मात्रै चिन्ता भएको हामीले देखिरहेका छौं । एकातिर संघीय सरकारको अन्तरमन्त्रालयहरूको समन्वयको अभाव सहकार्यको अभाव अर्कोतिर तहगत सरकारको बिचको समन्वयको असाध्यै ठुलो अभाव खड्किरहेको देखिन्छ । यसबारेमा सम्माननीय प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालय बेखबर जस्तै देखिन्छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षता मै रहेको अन्तरप्रदेश परिषद्को बठैक बस्ने अवस्था पनि हामीले देखिरहेका छैनौं । प्रदेशहरूको समस्या सुन्ने फुर्सद पनि प्रधानमन्त्रीलाई देखिंदैन । चासो र सरोकार पनि हामी भेटिंदैनौं, भेट्दैनौं, देख्दैनौं प्रदेश परिषद्को बैठकको त कुरै छाडौं कितपय मुख्यमन्त्रीज्यूको समय सकिएको छ । आलोपालोकै विवाद र समस्या देखिरहेको छ । प्रदेशभित्रका तमाम समस्या छलफल गर्ने त्यो निकाय प्रदेश परिषद्को बैठक बस्ने हामीले त्योहेक छेक छन्द पनि देख्दैनौं सांसदहरूले सदनमा उठाएका प्रश्नहरू टिप्पणीहरू जवाफहरूप्रति सरकार संवेदनशील र मन्त्रीहरू जवाफदेही पनि हामी पाउन सकिरहेका छैनौं । जवाफ दिनुपर्छ भन्ने संवेदनशीलता र जवाफदेहिता पनि हामीले मन्त्रीहरूमा पाइरहेका छैनौं ।

सम्माननीय अध्यक्ष महोदय, यसको कारण भनेको प्रधानमन्त्रीज्यू कसरी सत्ता र सत्ता गठबन्धन टिकाउने भन्नेमा मात्रै चिन्तित हुनुहुन्छ समय खर्चिरहनुभएको छ । मुलुकका समस्या जनताका सवालप्रति चिन्ता र चासो पनि हामीहरूले देखिरहेका छैनौं । पहिलो कुरा त हामी सबैले सुनेको मुहान ठिक हुनुपर्छ मूल ठिक हुनुपर्छ घरमूली ठिक भयो भने त्यो घर परिवार राम्रोसँग चाल्छ । देशको मूली सरकारको प्रमुख भनेको सम्माननीय प्रधानमन्त्री हो । देश र जनताप्रति जवाफदेही कति भन्नुभा'को छ । परिवार र आफान्त र गठबन्धनका लागि मात्रै वाहाँको समय खर्चेको हामीले देखिरहेका छौं । सम्माननीय प्रधानमन्त्रीज्यू तपाईं परिवार र आफान्त गठबन्धनभन्दा माथि उठन सक्नुहुन्छ कि सक्नुहुन्न ? म प्रश्न गर्न चाहन्छु परिवार र गठबन्धनभन्दा माथि उठेर देश र जनतालाई केन्द्रमा

राखेर हेर्नुहोस् । सोच्नुहोस् हाल देशको अवस्था के छ ? यी राष्ट्रिय समस्याहरूका बारेमा छलफल र बहम तपाईं निस्कनुहोस् ।

विद्यार्थीहरूले पुस्तक पाइरहेका छैन भन्ने कुरा छ । म एउटा सांसदमात्रै होइन एउटा अभिभावकको हिसाबले मेरो आफ्नै विद्यार्थीले अहिले पुस्तक पूरा पुस्तक पाइरहेको छैन म त्यो समस्यामा छु । आज किसानले मल पाइरहेको छ कि छैन ? हामीले यहाँबाट पटक पटक आवाज उठाइरहेका छौं । यसको अनुगमन भ'को छ कि छैन ? म प्रश्न गर्न चाहन्छु आज विदेशी मुद्रा सञ्चितिको आभाव छ भनेर हामी कुरा उठाइरहेका छौं हामीले समाचारहरूमा देखिरहेका छौं सुनिरहेका छौं ठुलो सङ्ख्यामा सरकारी कर्मचारीहरू विदेश भ्रमणमा गइरहेको समाचार आइरहेको छ । यो विदेश भ्रमण आवश्यकता हो कि रहर हो ? के अराजकता हो ? सम्माननीय प्रधानमन्त्रीज्यू ।

यौन हिंसा पीडितको न्याय नपाएर आज सडकमा आवाजहरू उठिरहेका छन् । यसतर्फ सरकारको ध्यान गएको छ कि छैन ? देख्नुभएको छ कि छैन ? सुन्नुभएको छ कि छैन ? महङ्गी बढेको छ थाहा छ कि छैन ? सरकारलाई । एकातिर महङ्गीको चरम मारमा जनता र आम उपभोक्ता छम् र हामी जनप्रतिनिधि मात्रै होइन एउटा उपभोक्ता पनि हौं त्यो उपभोक्ताको मार हामीले पनि खेपिरहेका छौं एकातिर महङ्गीको मार छ । अर्कोतिर गुणस्तरीय वस्तु र सेवाहरूको अभाव छ अनुगमन र नियन्त्रण गर्ने निकाय नै देखिदैन भेटिदैन वास्तवमा उत्पादक वास्तविक उत्पादकले उचित मूल्य नपाउने एउटा ठुलो समस्या छ र प्रयोग गर्ने उपभोक्ताले सही र गुणस्तरीय वस्तु र सेवा प्राप्त नगर्ने महङ्गो र गुणस्तरहीन सामग्री प्रयोग पनि बाध्यता छ जनतालाई यो कहिलेसम्म सरकार र सम्बन्धित निकायलाई यसतर्फ चासो र चिन्ता लिने समय पनि छ जस्तो मलाई लाग्दैन यहाँ विषय उठिरहेको छ ।

राष्ट्रियको सवाल परराष्ट्र सम्बन्ध परराष्ट्र नीतिको विषय पनि उठिरहेको छ सम्माननीय अध्यक्ष महोदय । एसपीपी स्टेट पार्टनरसिप प्रोग्रामको चौतर्फी विरोध भइसकेपछि सरकार मन्त्रिपरिषद्ले यसको निर्णय लियो र सम्बन्धित राज्य अमेरिकालाई पत्रचार गर्ने कुरा अहिलेसम्मन हामीले सुन्न पाएका छैनौं । यसमा यो प्रोग्राममा यो सहभागी नहुने भनेर सरकारले निर्णय त गर्यो सम्माननीय अध्यक्ष महोदय । तर सम्बन्धित सरकारलाई पत्र लेख्ने आँट वर्तमान सरकारले किन गर्न सकिरहेको छैन ? किन पत्र लेख्न

सकिरहेको छैन ? म तत्काल पत्रचार, सम्बन्धित मुलुकलाई पत्रचार गर्नका लागि पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

असारे विकास रोकिएको छैन । हामीले विगत यो असारे विकास धेरै देखेयौं धेरै भोग्यौं यसलाई अन्तय गर्न संवैधानिक र कानुनी व्यवस्था जेठ १५ गते नै बजेट संसदमा पेस गर्ने र साउन १ गतेबाट नयाँ आर्थिक वर्ष सुरुआतसँगै अख्तियारीको कुराहरू उठायौं, लागु गयौं तर आज किन असारे बजेटहरू रोकिएको छैन । आर्थिक वर्षको अन्त्यमा अरबौं रकम रकमान्तर हुने बेथिति यो कहिलेसम्मन म ध्यानाकर्षण गर्न चाहन्छु ।

बेरुजु चिन्ता ढङ्गले अगाडि आएको छ । सम्माननीय अध्यक्ष महोदय । महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक भएको संघीय सरकारमात्रै होइन आज प्रदेश र स्थानीय तहमा पनि यति ठुलो चिन्ताजनक ढङ्गले बेरुजुहरू उठेको छ । यतातर्फ बेरुजुलाई कम गर्नलाई बेरुजुलाई हटाउन र घटाउनका निम्ति वर्तमान सरकारको ध्यान देखिदैन । गठबन्धन सरकारभित्र जसरी हुन्छ गठबन्धन टिकाउने सत्ता जोगाउने मात्रै देखिन्छ यो राष्ट्रको समस्या सम्बोधन गर्नतर्फ ध्यान दिन देखिदैन त्यसैले मेरो गठबन्धनका दलहरूलाई पनि आग्रह छ । गठबन्धन देश र जनताका हितमा छैन । गठबन्धन दल र दलका नेताका परिवारलाई मात्र वर्तमान गठबन्धन आवश्यक देखिएको छ । मेरो सम्माननीय प्रधानमन्त्रीज्यूलाई विशेष गरी आग्रह छ । गठबन्धन दलहरूलाई पनि आग्रह छ । देश समृद्धि र विकासभित्र र जनताको स्वाभिमान र समृद्धि सम्भव छ । त्यसभित्र गठबन्धन दलको पनि भविष्य छ त्यसभित्र नेताहरूका परिवारको पनि भविष्य छ । देश समृद्धिभित्र नेता परिवार आफान्तको पनि समृद्धि जोडिएको छ भविष्य जोडिएको छ । त्यसैले आत्मसम्मान हुने गरी जनता र मुलुकलाई केन्द्रमा राखेर संवेदनशील जवाफदेही ढङ्गले छलफल बहस गरेर अगाडि बढ्न मुलुकको समस्या समाधान गर्नका लागि अग्रसर हुन । संवेदनशील बन्न म वर्तमान सरकारलाई विशेष आग्रह गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आले मगर । समय सात मिनेट । त्यसपछाडि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**माननीय श्री सुरेश कुमार आले मगर (नेपाल कम्युनिष्ट पार्टी, आओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, आज यो गरिमामय सदनमा म जुन कुरा राख्न गइरहेको छु । मेरो दावी छ त्यस्तो सदनमा र प्रतिनिधि सभामा पनि जुन विषय मैले आज उठाउन गइरहेको छु । त्यो विषय उठाइएको थिएन आजसम्मको मितिमा त्यो विषय हो सिङ्गापुर प्रहरीमा कार्यरत गोर्खालीहरूको अथवा नेपालीहरूको दर्दनाक र मार्मिक कथा बेथा । सम्माननीय अध्यक्षज्यू, सिङ्गापुर प्रहरीमा सन् १९४९ देखि गोर्खालीहरूलाई लैजान थालियो सुरुमा १४९ जना लगिएको थियो अहिले दुई हजार नेपालीहरू गोर्खालीहरू सिङ्गापुर प्रहरीमा क्रियाशील छन् र तिनीहरूको कथा र बेथाको सम्बन्धमा सबभन्दा पहिलो त के हो भन्दाखेरि उनीहरूको पहिचान नै क्लियर छैन । To whom they belong to सिङ्गापुर प्रहरीमा क्रियाशील गोर्खालीहरू To whom they belong को सँग तिनीहरूको सरोकार छ । कोसँग सम्बन्धित छन् । बेलायत बेलायती सरकार वा सिङ्गापुर सिङ्गापुर सरकार किनभने सम्माननीय अध्यक्षज्यू, उनीहरू लैजान्छ । ब्रिटिसका गोराहरूले ब्रिटिस आर्मीका गोराहरूले सुरुदेखि नै छनोट गरेर उनीहरूलाई लैजान्छ । उनीहरूकै क्याम्पमा छनोट गर्दछ । तिनीहरूमध्ये धेरैलाई ब्रिटिस आर्मीमा employee गर्दछ भने केहीलाई सिङ्गापुर प्रहरीमा employee गर्दछ । तर त्यसको तलब आदि इत्यादि सारा सारा कुराको जिम्मेवारी अथवा व्यवस्थापन भने सिङ्गापुर सरकारले गर्दछ । तर यहाँ थाहा छैन कसको मूल जिम्मेवारी हो त्यसैले भर्खरै भर्खरै सिङ्गापुर प्रहरीमा कार्यरत अथवा पेन्सन निस्केका व्यक्तिहरू एउटा सङ्गठन बनाएर BGESO सिङ्गापुर ब्रान्च बनाएर एक प्रकारको आन्दोलन सुरु गरेका छन् । उनीहरूको सम्सया एउटा त्यो भइहाल्यो । उनीहरू कसको मातहतमा छन् तिनीहरू कोसँग तिनीहरूको सरोकार छ । बेलायती सरकार वा सिङ्गापुर प्रहरी एउटा समस्या त्यो छ । ब्रिटिस गोर्खाको सम्बन्धमा त आदरणीय सम्माननीय अध्यक्ष महोदय, समस्या थिएन तिनीहरू बेलायतसँग सरोकार थिए उनीहरूको United Kingdom सँग सरोकार थियो तर सिङ्गापुर पुलिस कार्यरत गोर्खालीहरूको चाहिँ केही क्लियर छैन .यो एउटा ठुलो समस्या छ ।

त्यसपछि तलब भत्तामा विभेदको कुरा त छँदै छ त्यहाँनिर तलब उनीहरूले जम्मा ५८५ सिङ्गापुर डलर पाउँछन् उनीहरूले अहिलेको यो १९३९ मा जति तलब थियो त्यति न अहिले पनि छ तिनीहरूको कत्रो विभेद कत्रो उनीहरूमाथि अन्याय अत्याचार यो अन्याय भएको छ एउटा भने पेन्सनमा पनि त्यस्तै छ । पेन्सन जम्मा २८५ सिङ्गापुर डलरदेखि

लिएर ५५० हुँदै । ९०० डलरसम्म चाहिँ उनीहरूले पेन्सन पाउँछ । एउटा समस्या यो छ । अर्को उनीहरूको परिवार त्यहाँ गइसकेपछि पूरै ब्यारेकभित्र कैदी बन्दीजस्तै हुन्छ उनीहरू बाहिर हिँडडुल त गर्न पाउँछन् तर अध्ययन गर्न अरू जागिर खान नोकरीहरू केही पाउँदैनन् तिनीहरूले त्यहाँ गएर बसेर सिङ्गापुर प्रहरीमा कार्यरत प्रहरीका परिवारको काम भनेको सन्तान उत्पादनबाहेक अरू केही पनि छैन । केही गर्न उनीहरूलाई अनुमति छैन । त्यस्तो अन्याय तिनीहरूमाथि भएको छ सम्माननीय अध्यक्ष महोदय ।

त्यसै गरी अर्को अन्याय के भएको छ भने ती सिङ्गापुर प्रहरीमा कार्यरत गोर्खालीहरूको छोराछोरी २१ वर्ष उमेर पुगेपछि नेपाल फर्कनुपर्छ त्यहाँ बस्न पाउँदैनन् त्यसैले ती बाल बच्चाहरूको पढाइमा ध्यान हुँदैन । उनीहरू किन यसो गर्छौं तिमीहरू भनेर भन्यो देखिन १९/२० वर्ष पुगेका बच्चाहरूलाई त्यसो भन्यो भने के भन्छन् भन्दाखेरि पढेर के गर्ने फेरि २१ वर्ष पुगिसकेपछि फर्किहाल्नुपर्छ पढेर के गर्ने अङ्कल आन्टी के गर्ने भन्छन् उनीहरूले । यस्तो समस्या ब्रिटिस गोर्खामा कार्यरत तिनका बच्चाहरूलाई थिएन तर सिङ्गापुर पुलिसमा त्यो छ, सम्माननीय अध्यक्ष महोदय । त्यसैले यसतर्फ नेपाल सरकार ध्यान दिनुपर्ने हुन्छ । यस्ता समस्याहरू उनीहरूले झेलिरहेका छन् । त्यसैले योबारेमा भर्खर भर्खर जुन सङ्गठन जुन बन्यो त्यसले आवाज उठाउँदाखेरि ब्रिटिस एम्बेसीमा एउटा निवेदन दिए उनीहरूले तर बेलायती सरकार यो हाम्रो जिम्मेवारी होइन । हामीले गर्दैनौं भनेर टक्टकियो पन्छियो सम्माननीय सिङ्गापुर सरकारले यो बारेमा बोलेको छैन । कोप्रति ? को उनीहरूप्रति जिम्मेवार हुने हो ? त्यसैले नेपाल सरकारले यो बारेमा तुरुन्त गम्भीर यो समस्यालाई ठानेर पहल कदमी लिन जरुरी छ ।

सम्माननीय अध्यक्ष महोदय, यो समस्या सिङ्गापुर प्रहरीमा कार्यरत गोर्खालीहरूको मात्रै होइन । सिङ्गो नेपालको हो । यो राष्ट्रिय समस्या हो । यसलाई यही रूपमा बुझ्नुपर्ने चाहिँ हुन्छ । तर ब्रिटिस गोर्खामा कार्यरत ब्रिटिस गोर्खाहरूलाई सङ्का लागेजस्तै उनीहरूलाई के लाग्यो थियो भन्दाखेरि यो ब्रिटिस गोर्खामा आदिवासी जनजातिहरूको बाहुल्य थियो । त्यसैले नेपाल नेपाल सरकारलाई नेपालको राज्य सत्तालाई त्यति चिन्ता लागेन चासो भएन त्यस्तै सङ्का सिङ्गापुर प्रहरीमा कार्यरत व्यक्तिहरूलाई पनि लाग्न सक्छ सम्माननीय अध्यक्ष महोदय किनभने त्यहाँ पनि आजवासी जनजातिका मान्छेहरूकै बाहुलय छ । यद्यापी क्षेत्री बाहुनहरू पनि पदम उपाध्याय भन्ने मेरो एउटा क्लासमेट साथी इन्सपेक्टर भएर फर्केका

छन् । तर धेरै आदिवासी जनजातिहरू छन् र ब्रिटिस गोर्खाहरूलाई जस्तै त्यहाँ आउन सक्छ भन्ने सङ्का उनीहरूलाई छ । यो सङ्का निवारण गरियोस् यो सङ्काको स्थिति नरहोस् भन्ने कुरा म राख्न चाहन्छु र उनीहरूलाई एक पटक लगेपछि करिब एक सय जना एउटा टोलीमा लगिन्छ । त्यसमध्ये दुई देशमा बाडिन्छ भन्ने कुरा मैले अगि राखिसकें । धेरै कुराहरू त्यसमा छन् । समयको अभावको कारणले म यहाँ त्यो वाचन गर्न सक्दिनँ र छोट्कारी छोट्कारीमा के छ भन्दाखेरि उनीहरूले छोट्कारीमा मैले यो कुरा राखें त्यसरी लगे बापत एक सय मिलियन डलर यूके पाउण्ड यो लैजाने व्यक्तिहरूले अथवा संस्थाले जे जे भनौं त्यसलाई पाउँछ भन्ने छ । उनीहरू वास्तवमा ब्रिटिस गोर्खाकै, ब्रिटिस गोर्खाकै एउटा अङ्गको रूपमा तिनीहरू छन् । तर सिङ्गापुरमा लगेर तिनीहलाई बेचिएकोजस्तो छ । भाडामा तिनीहरूलाई लगाइदिने एक सय मिलियन पाउण्ड जुन पैसा पाइन्छ । त्यो पैसामध्ये केही थोरैमात्रै गोर्खालीहरूलाई दिने र बाँकी सबै आफूले च्वाम पर्ने त्यस्तो उनीहरूले गरिरहेका छन् ।

सम्माननीय अध्यक्ष महोदय र योबारेमा मैले यो राख्न चाहिँ अर्को भर्खरै हाम्रो आदरणीय अध्यक्ष कम्रेड प्रचण्डको इन्डिया भ्रमणबारेमा जुन एउटा न्युज आयो त्यो फेक न्युज एउटा पार्टीको विदेश विभागको प्रमुखको उपस्थितिमा कम्रेड प्रचण्ड आर्जु राणाजीका बैठकले त्यस्तो निर्णय गर्न सक्छ ? वाइयात कुरा, झुट कुरा । यो मैले सुनेको थिएँ साइबर स्याल यो साइबर स्यालकै कल्पना हो । बिलकुल त्यस्तो कल्पना हो । सम्माननीय अध्यक्ष महोदय, अर्को एक अधिकारीको प्रसङ्ग पनि हट केक बनेको छ । हामीले मान्यौं । एम अधिकारी भन्ने अहिले राष्ट्रिय बैङ्कको गभर्नर हुनुहुँदो रहेनछ त्यो मानियो । त्यो को हो त ? एम अधिकारी भन्ने मान्छेको हो त ? (**<u>सम्माननीय अध्यक्ष</u>**ः- समय सकियो टुग्ङ्याउनुस् माननीयज्यू ।) एक मिनेट एक मिनेट सम्माननीय अध्यक्ष महोदय एम अधिकारी भन्नेको हो को हो त ? हुनत एमालेका साथीहरूले भन्नुभयो एम अधिकारको भन्ने जान्न एमालेमा आउनुपर्यो भनेर । हामीले अरू जान्ने जरुरी छैन हामीलाई तर यो कुरा उठ्यो नि त यहाँनिर ? एम अधिकारी भन्ने को हो भन्ने कुरा उठेपछि त सारा जनताले सरोकारवालाहरूले जान्नुपरेन ? हो । त्यसैले यो कुरा मैले यहाँ राख्न चाहें । धन्यवाद ।

**पुनः पीठासीन**ः- माननीय अनिता देवकोटा ।

**सम्माननीय अध्यक्ष**ः- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय छ मिनेट । त्यसपछि माननीय नर बहादुर विष्ट ।

**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, आज म विशेष गरी हामीले यो राष्ट्रिय सभाबाटै सबैजनाले नेपाली जनतालाई महङ्गीले च्याप्यो नेपाली जनताको जीविका उपार्जन गर्न गाह्रो भयो हामीले । यो प्रश्नहरू एक स्वरले उठायौं र यो विषयमा कहीँ कतै अनुसन्धान गरेको घटेको पेट्रोलमा तेलमा डिजेलमा कलिकति चर्चा भयो त्यसबाहेक खाद्यान्नहरूमा जुन भाऊ बढेको यो विषयमा कहीँ चर्चा भएको छैन । अहिले नेपाली जनता यो मारबाट आक्रान्त भएका छन् । हामीले यसलाई अझै नेपाली जनताको सर्वोत्तम हितमा कसरी हामी सोच्न सक्छौं सरकारले कसरी योजना बनाउन सक्छ ? कसरी सोच्न सक्छ ? भने ध्यान दिनुपर्ने जुरुरी देखिएको छ । म यो महङ्गीको विषय यति मात्रै कुरा राख्छु ।

र अर्को विषयमा विशेष गरी मैले लुम्बिनी विकासको विषयमा हामीले लुम्बिनीलाई एउटा पर्यटकीय आकर्षक केन्द्रबिन्दु बनाइरहँदाखेरिमा हाम्रो त्यहाँ अन्तर्राष्ट्रिय उडानहरू पनि सुरु भएको छ । तर सिमित क्षेत्रमा सुरआत भएको छ । र त्यहाँको वारिपरिको जग्गाहरूलाई सरकारले लिएर त्यसलाई फराकिलो बनाउनुपर्ने त्यसलाई व्यवस्थित गर्नुपर्ने छ त्यो काम गर्न यदि हामीले त्यो काम गर्न सक्यौं भने हामीले लुम्बिनीलाई एउटा पर्यटकीय क्षेत्रको आकर्षण बनाउन सकिने र नेपाली जनताको आयआर्जन गर्न सकिने र हाम्रो लुम्बिनीको विकाससित सँगसँगै हामीले पाल्पालाई हामीले जोड्यौं भने आज तराईका भूभागहरूमा हामीले हिजो समाचार सुन्दै हियौं सबैभन्दा बेसी गर्मी दुम्कैलीमा तराईमा यति धेरैमा नवलपरासी, रुपन्देही यति धेरै गर्मीहरू बढ्यो भन्ने हामीले सुनिरहेका छौं त्यस्तो गर्मीबाट आक्रान्त भएको मानिसहरूलाई पर्यटकहरूलाई हामीले पाल्पाको चिसो हावामा लगेर त्यहाँको अमन नारायण मन्दिर, भगवाती मन्दिर, भैरवस्थान, रिडी, रानी महल त्यहाँ अझ एउटा किंवदन्ती छ । राम्चेको वनबाट रामले चाहिँ ढुङ्गाको डेलो फालेको र बेजाकको खेतमा गएर मान्छेजस्तै उभिएको त्यो ढुङ्गालाई काट्यो भने कहिले पनि रागत आउँछ भनेर

मान्छेले छुँदैनन् । यो खेतमा ठिङ्ग मान्छेजस्तै उभिएको ढुङ्गा छ । त्यो रामले डेलो फालेको भन्ने छ ।

यस्ता खालका हिजो भएका कुराहरू हामीसँग अझै सुरक्षित छन् । संरक्षित छन् । यस्ता कुराहरूलाई हामीले पर्यटकहरूको आकर्षण बढाउन सक्छौं हाम्रो यो प्रदेशको लुम्बिनीको मात्रै नभएर गण्डकी प्रदेशसँग पनि सहकार्य गरेर हामीले रिडी हुँदै, मुस्ताङ हुँदै हामीले पोखरा घुमाएर हामीले इन्डिया जाँदाखेरिमा एउटा सिक्किम घुम्न गयौं भने एउटा खोल्सामा एउटा झाँक्रीको मूर्ति बनाइदिएर कति धेरै मानिसहरूले पैसा कमाएका छन् । त्यस्तो खोल्सा त हामीकहाँ कति छ कति छ । यस्तो जङ्गलहरूले हामीकहाँ कति छ । कति छ हेर्न लायक ठाउँहरू छ । यसले गर्दा कसरी हामीले समग्र विकासको योजना बनाउन सक्छौं सरकारले यसतर्फ ध्यान दिनुपर्ने र योजना बनाउनुपर्ने र जनतालाई आत्मनिर्भर बनाउनुपर्ने कुरा मैले देख्द छु । हामीले यसो गर्न सकेनौं हामीले जनताको भविष्य सोच्न सकेनौं  हाम्रो बालबालिकाको भोलिको सन्तानको भविष्य सोच्न सकेनौं भने अहिले चलिरहेको बेथितिबाट हामीले यो देशलाई जोगाउन हाम्रो हिजो पुर्खाले आर्जन गरेको हाम्रो यो पहिचानलाई जोगाउन धेरै गाह्रो हुन्छ त्यसो भएको हुनाले हाम्रो यो पुर्खाले आर्जन गरेको पहिचान भोलिसम्म जगाउनको निम्ति हामीले यस्तो थुप्रै, म त्यो क्षेत्रको भएको हुनाले मैले लुम्बिनीको र गण्डकीको चर्चा गरिरहँदा देशैभरि यस्ता ठाउँहरू होलान् देशैभरि यस्तो खालको सोचहरू विकासहरू गर्न सकिन्छ । जसले गर्दाखेरि हामीले नेपाली जनतालाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने मलाई लाग्छ ।

मेरोअगाडि हाम्रो सरकारका मन्त्रीज्यूहरू पनि हुनुहुन्छ । सहकारी मन्त्री पनि हामीसँग यहाँ शहरी विकास मन्त्री पनि हामीसँग हुनुहुन्छ । यो समग्र हाम्रा यी क्षेत्रको विकास पर्यटन र शहरहरू स्मार्ट सिटीहरू हाम्रा ठाउँहरूलाई कसरी बनाउन सकिन्छ र नेपाली जनतालाई आत्मनिर्भर बनाउन सकिन्छ भनेर सोच्नुपर्ने हुन्छहोला ।

अगि हाम्रो माननीयज्यू जितेन्द्रज्यूले चर्चा गर्नुभो' सरकार पक्षको एउटा बौद्धिक व्यक्तित्वले राष्ट्रियताको सवालमा चर्चा गरिरहँदा मेरो साँच्चीकै पाखुरामा जिरिङग भएरै आयो आज म नेपाली एउटा यो राष्ट्रको निम्ति जनताको निम्ति सङ्घर्ष गरेर हामी यहाँसम्म आइरहँदा साचिकै हामीले नेपालको बारेमा राष्ट्रियताको बारेमा हाम्रो नेताहरूले विश्वास गर्न नसकिने अवस्था कसरी आयो ? हिजो हामीले विदेशबाट नेताहरू आउँदा नेपालमा केही

हुन्छ भनेर आशा गर्थ्यौं हाम्रा नेपालका नेताहरू विदेश जाँदा केही हुने भयो भनेर आशा गऱ्थ्यौं आज त कहाँनिर बिग्रिन्छ, कहाँनिर प्वाल पर्छ भनेर हामी डराएका छौं त्यसो भएको हुनाले जुन सुकै नेताज्यूहरू जुनसुकै मन्त्रीज्यू जो सुकै गए पनि विभिन्न छिमेकी राष्ट्रहरूको स्वार्थ हाम्रो देशमाथि हुनसक्दछ तर यो देशलाई एउटा सैनिक अखडा बनाउने एउटा पर्यटक खेल्ने र नेपालीमाथि धावा बोल्ने नेपाली जनतालाई चाहिँ एउटा कमजोर देख्ने कुरा चाहिँ यो नेपालीको लागि सही हुन सक्दैन । त्यसो भएको हुनाले हामी नेपाली भएको हुनाले हाम्रो नेपालको शिर उच्च राख्नको निम्ति हाम्रो सोच र भावनाहरू सबैको जानुपर्ने देख्दछु म र यति कुरा भनेर म १ मिनेट समय फेरि थप माग्छु ।

र अगि हाम्रो भट्टराई माननीयज्यूले तिलोत्तमाको चर्चा गर्नुभ'को थियो आजको संघीयताको विषयमा यो संघीयता हुँदा हाम्रो स्थानीय सरकार बलियो हुने । प्रदेश सरकार बलियो हुने । केन्द्र सरकार बलियो हुने । हामीले जुन खालको सोचका साथ संघीयताको विकास गर्या थियौं आज एउटा नगरपालिकाभित्र एउटा न्यायिक समितिमा विवाद उठ्छ, तालबन्दी हुन्छ हिजोको दृश्य भाइरल भयो अगि माननीयले चर्चा गर्नुभो' आज युवा सङ्घले घेराबन्दी गरेर त्यहाँ चाहिँ अधिकृतको चाहिँ राजीनामा नभएसम्म आन्दोलन गर्ने कुरा घोषणा गर्नुभएको छ साथीहरूसँग । मैले यो कुरा पनि जानकारी भएको छु । थप क्षति नहुनको निम्ति जसको टाउको फुटे पनि हाम्रा छोरा भाइ बहिनीको टाउको फुट्ने भएको हुनाले कसरी हामीलाई शान्तिपूर्वक रूपमा सरकारले र सरोकारवालाहरूले लैजान सकिन्छ । यस्तो विषयमा एकआपसमा बसेर छलफल गरेर सामान्य घटनाहरूलाई एउटा टुङ्ग्याउनको निम्ति र थप क्षति हुन नदिनको निम्ति गृहमन्त्रीज्यूको पनि ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय नर बहादुर विष्ट । समय दस मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

**माननीय श्री नर बहादर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, यो हाम्रो गरिमामय राष्ट्रिय सभाको रोस्ट्रममा उभिएर मैले केही समसामयिक विषयमा कुरा गर्न गइराखेको छु । आज देश आर्थिक सङ्कटमा गुज्रिराखेको छ भनेर जतातते

सुन्न पाइन्छ । त्यसको मुख्य जिम्मेवारी को थियो ? यो सरकार थियो या त्योभन्दा अगाडिको तीन वर्षको सरकार थियो भन्ने विषयमा तपाईं हामी माननीय सदस्यहरू र आम जनताले यसको वास्तविकता यसको जिम्मेवारी को भन्न र बुझ्न जरुरी छ जस्तो लाग्छ मलाई । आज यो रोस्ट्रममा म उभिँदै गर्दाखेरि एम अधिकारीको खोजिभइराखेको म यो रोस्ट्रमबाट पनि खोजिगरिरहेको छु । भेटिछ कि भटिदैन ? म त्यसै केही विवरणहरू म सार्वजनिक गर्ने छु ।

आज विद्यार्थी युवाहरू नेप्सेदेखि लिएर लगानी क्यारे तपाईंको यो शेयर बजारका शेयर लगानीकर्ताहरू आज सडक एम खोजिराखेका छन् । एम भन्ने को हो ? यसको संरक्षक को हो ? यसले घारासायिक कसरी बनाउँदै छ । यो अर्थतन्त्र नेपालमा यसको जिम्मेवारी को हो ? भन्ने विषयमा म सङ्क्षिप्त यहाँ मैले केही टिपोट गरेको छु त्यसपछि म सम्माननीय अध्यक्ष महोदय, राष्ट्र बैङ्कको गभर्नर एम अधिकारीलाई महाप्रसाद अधिकारी भन्ने पनि गरिदो रहेछ । अहिले महाप्रसाद अधिकारी । जसको शैक्षिक योग्यताको बारेमा एउटा प्रश्न छ । म दुई तीनओटा केस भन्न चाहन्छु यहाँ । ऐन विपरीत एमालेको अर्थ विभागमा रहेको गभर्रन अधिकारीको नियुक्ति नै गैरकानुनी कसरी ? भन्ने शीर्षकमा मैले यही कुरा राख्न चाहन्छु शैक्षिक । योग्यता नपुगेकोले लामो समयदेखि रिक्त नियुक्ति हुँदा र पदमा बाहाल रहँदासमेत नेकपा एमालेको सदस्य रहेको राष्ट्र बैङ्कको ऐन, २०५८ विपरीत नेकपा एमालेको अर्थ तथा योजना विभाग सदस्य रहेका गभर्नर महाप्रसाद अधिकारीको शैक्षिक योग्यतासमेत अपुग रहेको भेटिएको छ । राष्ट्र बैङ्क ऐनले गभर्नर हुनाका लागि स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने अनिवार्य सर्त राखेको छ । तर गभर्नर अधिकारीले अर्थ मन्त्रालयमा गत वैशाख बुझाएको व्यक्तिगत विवरण बायो डाटामा स्तानक तहमात्रै पास भएको विवरण पेस गरेका छन् । उनले पेस गरेको व्यक्तिगत विवरणअनुसार १९८९ मा काठमाडौंको मिन भवन स्थिति नेपाल commerce क्याम्पसबाट स्तानक तहमा उत्तीर्ण गरेको भेटिन्छ उनले भारतको एक चार्टर एकाउन्टेन्ट पढा हुने कलेजबाट सन् १९९३ मा सीए पढाइ सकेको जनाएका छन् । सीए अध्ययनलाई स्तानकोत्तर उत्तीर्ण सरह मान्यता हुने दावी उनले गभर्नर पदमा २४ चत्रै ०७६ मा नियुक्ति हुँदा लिएका छन् । तर नेपाल सरकारको सीए अध्ययनलाई स्तानकोत्तर तहको मान्यता दिने विषयमा कुनै निर्णय नगरेको त्रिभूवन विद्यालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले जानकारी दिएको छ । सीए उत्तीर्णलाई स्नातकोत्तर तह उत्तीर्ण बराबरको

समकक्षता प्रधान गरे नगरेको बारे लिखित जानकारी पाऊँ भनी पाठ्यक्रम विकास केन्द्रसमक्ष दिएको निवेदनपश्चात् केन्द्रको कार्यकारी निर्देशक प्राध्यापक डा. पारसनाथ यादवले वैशाख ११/२९/९९ मा लिखित जानकारी दिएका छन् । उनका अनुसार स्तानक पास भई सीए उत्तीर्ण गर्नेहरूको हकमा कस्तो समकक्ष हासिल हुन्छ भन्ने विषयमा कुनै पनि निर्णय भएको छैन । नेपालबाट स्नातक तह उत्तीर्ण गर्न अन्य मुलुकबाट सीए उत्तीर्ण गरेमा कस्तो समकक्षता निर्धारण हुन्छ भन्ने विषयमा सीए समकक्ष तहको बारेमा केन्द्रको उपाधी मान्यता प्राप्त समकक्षता निर्धारण समितिको मिति ०७८ असार २१ गते निर्णयानुसार त्रि. वि. प्राज्ञिक परिषद्ले पठाउने गरेको भन्ने निर्णयबमोजिम त्रि. वि. प्राज्ञिक परिषद्बाट भन्ने निर्णयबमोजिम त्रि. वि. प्राज्ञिक परिषद्बाट पठाएको र हालसम्म प्राज्ञिक परिषद्बाट निर्णय नभई आएकोले सीएको समकक्ष प्रदान नरहेको बेहोरा पनि यहाँ आएको तर वाहाँ स्तानकोत्तर जुन छ । वाहाँको छैन । पाठ्यक्रम विकास केन्द्रको पत्रले गभर्नर महाप्रसाद अधिकारी शैक्षिक योग्यता स्नातकसम्ममात्रै रहेको पुष्टि गरेको छ । तर उनले सरकारलाईसमेत गुम्राहमा राखेको गभर्रन पदमा नियुक्ति लिएका छन् ।

विज्ञहरूको विज्ञहरूको भनाइमा कमजोर शैक्षिक योग्यताकै कारण गभर्नरले पछिलो अर्थ अवस्थाअनुसार सही मौद्रिक नीति र कार्यान्वयन गर्न नसकेको बताएको छन् । शैक्षिक योग्यता नपुगेका व्यक्ति राष्ट्र बैङ्कको गभर्नर पदमा नियुक्ति हुँदा योग्यता अयोग्यताको अभाव पदीय असक्षमता ज्ञानको अभाव इमादारिता, निस्पक्षता, तटस्थ कायम गर्न नसकेको समन्वय र समस्या समाधान नसकेको देखिन्छ ।

यिनी कुराहरू अधिकारीको शैक्षिक योग्यतालाई गभर्नर अधिकारीको शैक्षिक योग्यता नपुगेको भन्दै दायर मुद्दामा सर्वोच्च अदालत वाहाँ लगानी बोर्डको सीईओ हुँदाखेरि दायर भएको सर्वोच्चको अदालतको मुद्दा पनि अहिले पनि त्यो विचारधीन भएर गायब भएको छ । जसले २०१६ लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सीईओ नियुक्ति हुँदा उनको शैक्षिक योग्यता नपुगेको दाबीसहित बोर्डकै पूर्व सीईओ राधेश्याम पन्तले रिट दायर गरेका थिए । तर त्यो रिट अहिलेसम्म सुनुवाइ भएन फेरि पनि वाहाँ ७६ बाट राष्ट्र बैङ्कको गर्भनर हुनुभएको छ ।

राष्ट्र बैङ्कको गभर्नर भनेको यसको पहिलो यस्ता व्यक्तिलाई संरक्षण गरिराख्ने तत्कालीन प्रभानमन्त्री केपी शर्मा ओलीको किनभने यो तपाईंलाई थाहा छ । निरन्तर उहाँले

एक जना मान्छेलाई दुइचोटी उपाध्यक्ष, एकचोटी अर्थमन्त्री, एकचोटि गभर्नर, एकचोटि सल्लाहकार एकचोटि अमेरिकाको राजदूत बनाउनुभो' एमालेभित्र कोही छैनन् अरू त्यस्तो सक्षम मान्छे अर्थशास्त्र पढेको कोही छैन ? महाप्रसाद जस्ता मान्छे कोही छैनन् ? म पश्न गर्न चाहन्छु साथीहरू । यहाँ परमादेश भन्नुहुन्छ तपाईंहरू । परमादेश र परमादेश नेपाली जनताको आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्नको लागि भएको हो । प्रतिगमन होइन । तपाईंलाई लाज लाग्नुपर्ने हो । नैतिकता छ भने तपाईंले राजीनामा दिनुपर्ने हो । आज त्यही परमादेश सरकारबाट परिचालित भएको पारिश्रमिक तपाईंहरू खाइराखुभएको छ चिच्चाइराखुभएको छ । म प्रश्न गर्न चाहन्छु नैतिकता छ ? राजनीतिकमा नैतिकता हुनुपर्छ नैतिकताको पाठ सिकाउने ?

अर्को म भन्छु यहाँ भिलेन कान्ड भन्ने छ । भिलेन कान्ड भनेको, भिलेन काउन्टर सञ्चालनको लागि मलेसिया सरकारबाट अनुमति प्राप्त अल्ट्रा क्रिस राना एसडीएन बी एन डी को रिप्रेजेन्टेटिभ एजेन्सीको रूपमा नेपालमा रहेको भीएलएन नेपाल लिमिटेडले मलेसिया जाने नेपालीहरूसँगको प्रति व्यक्ति ३९ सयका दरले भिसा प्रोसेसिङ चार्जबापत उठेको रकम करिब ६ अर्ब ५० करोड मलेसियन रुपियाँ छ । मलेसियमा पठाउनुपर्ने पैसा राष्ट्र बैङ्कका तत्कालीन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको मिलिमत्तोमा हङकङ पठाइएको जसबाट वैदेशिक मुद्रा अपचलन र नेपाल सरकारलाई तिर्नुपर्ने कर घाटा लागेको छ । जसको ठुलो चलखेल भएको छ । तत्कालीन अन्तर्राष्ट्रिय सम्बन्ध समिति, अर्थ समितिको सभापति तत्कालीन त्यहाँ पनि यसको मुद्दा भएको त्यहाँ त छलफल भएको छ । अन्तर्राष्ट्रिय समितिमा त्यहाँ ठुलो प्रभु साहाको संयोजकत्वमा त्यहाँ अर्थ समिति थियो त्यहाँ मुद्दा भएको छ तर त्यो मुद्दालाई गायब गरिएको छ सुम्साम पारिएको छ । तत्कालीन प्रभु साहा त्यसको सभापति हुनुहुन्थ्यो रकम मलेसिया पठाउँदा सरकारको १५ percent लाग्ने आयकर छली गर्न उक्त रकम हङकङ पठाई राज्यको तिर्नुपर्ने आयकर छली गर्नसमेत सहभागी भएको पाइन्छ । अहिलेको तत्कालीन गभर्नर हालको गभर्नर मौद्रिक नीति र सोको कार्यान्वयन सम्बन्धमा सरकारको नीति तथा कार्यक्रमको नीतिअनुरूप नभई ऐन पुरानो सरकारको नीति तथा सघाउ पुग्ने गरी मौद्रिक नीति ल्याएको यहाँभन्दा अगाडिको मौद्रिक नीति जुन ल्याइयो यो सरकारलाई होइन कि आफ्नै सरकारले तीन वर्षसम्म चार वर्षसम्म उसले सरकारले बजेट ल्याएको छ । तर मोनिटरी पोलिसीले निर्धारण गरेको क्षेत्रमा कर्जा

प्रभावकारी नभएको लक्ष्य विपरीत कर्जा प्रवाह गर्न नसकेको, त्यसको विवरण दिन नसकेको र अनुत्पादक क्षेत्रमा कर्जाको लगानीका कारण अर्थतन्त्रमा तरलताको प्रभाव परेको छ ।

सम्माननीय अध्यक्ष महोदय, वैदेशिक मुद्दा व्यवस्थापन विभागका भुक्तानी रकम मलेसिया जाने रकम हङकङ पठाउँदा महाप्रसाद अधिकारी विदेशी मुद्रा व्यवस्थापन विभागको प्रमुख हुनुहुन्थियो त्यसैले म सम्माननीय अध्यक्षमार्फत म चाहन्छु यो चार वर्षको जुन खालको बजेट ल्याइयो यसको सबै सर्पको खुट्टा सर्पले देख्छ भनेजस्तै यो धारासाही हुँदै छ भन्ने खुट्टा कसले देख्यो भन्दाखेरि नेकपा एमालेले देख्यो त्यतिको तीन वर्षको सरकारले ल्याएको नेपाली जनताको नेपाली जनताले पाउने अधिकारभन्दा विपरीत तरिकाले पश्चिमाबाट परिचालित र अर्कोतिर यहाँ अध्यक्ष कम्रेड प्रचण्ड भारत गएको नेपाल कम्युनिष्ट पार्टी इन्डियाको कलकत्तामा स्थापित भएको थियो । म प्रश्न गर्न चाहन्छु आर्जू देउवा र प्रचण्डबिच चिया गफ हुँदाखेरि त्यो कुनै खालको सम्झौता भएको छैन । तर यहाँ गलत प्रचार गरेर यदि कलकत्तामा स्थापना भएको पार्टी हो भने तपाईंहरू सबै छोडेर जानुहोस् । म एमालेका प्रतिपक्षका साथीहरूलाई मित्रहरूलाई म प्रश्न गर्न चाहन्छु कलकत्तामा भएको नेपाल कम्युनिष्ट पार्टीका सदस्यहरू तपाईंहरू किन बसिराख्नुभएको छ यहाँ ? त्यो सम्झौता हुन्छ । (**सम्माननीय अध्यक्ष**ः- समय सकियो माननीयज्यू) धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय छ मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली कोंग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, नेपाली जनताको महान त्याग समर्पण र बालिदानपश्चात् निर्माण भएको संविधान संविधानले निर्माण गरेको संघीय लोकतन्त्रिक गणतन्त्र त्यही गरौं गणतन्त्रको हामी संघीयताको नयाँ अभ्यासमा छौं । हामी नयाँ अभ्यासमा रहँदै गर्दा तीन तहको निर्वचान भयो । तीन तहको निर्वाचन सम्पन्न भइसक्दा अब संघीयतालाई बलियो बनाउन एक अर्काबिचको अविश्वास मेटाएर विश्वासको वातावरण तयार गरेर स्थानीय तह प्रदेश र संघीयताबिचको बलियो र कसिलो सम्बन्ध राख्नुपर्छ भन्ने धारणाका साथ म यहाँ उभिएकी छु ।

हामी लामो तपस्यापश्चात् हामीले सङ्घर्षबाट संविधान निर्माण गयौं र संघीय लोकतन्त्रिक गणतन्त्रको स्थापना पनि भयो । तीनै तहको निर्वाचन पनि सम्पन्न भयो ।

हामीले सोच्यौं अब राजनीतिक स्थिरता त आयो आर्थिक संमृद्धिको बाटोमा अब नेपाली बढ्ने छ । नेपाल अगाडि बढ्ने छ भन्ने ठुलो अपेक्षा ठुलो सपना नेपाली जनताको रह्यो र सम्माननीय अध्यक्षज्यू दुई तिहाईको बलमा निर्माण भएको सरकार नेकपाको सरकारले नेपाली जनतालाई संमृद्धिको र विकासको कुरा दिनुभन्दा संविधानलाई धुजा धुजा पार्ने काम गर्यो दुई दुई पटक सदन विघठन गर्यो संसदको घाँटी रेट्ने काम गर्यो र त्यसकापश्चात् संविधानलाई रक्षा गर्नको लागि सबै दलहरूले लामो लोकतन्त्रिक पद्धतिबाट निर्माण भएको यो संविधान हाम्रो संविधान हो । यसलाई संरक्षण गर्नुपर्छ भनेर न्यायालयबाट परमादेशबाट संविधान रक्षार्थ यो सरकार अहिले निर्माण भएको छ । यो सरकारले संविधानको रक्षा गर्छ । संघीय लोकतन्त्रिक गणतन्त्रको रक्षा गर्छ ।अहङ्कार र दम्भको आधारमा हिजो दुई तिहाइको सरकार हुँदै गर्दा आफूले गर्न नसकेका कुराहरू तीन वर्षसम्म केही नगर्ने अहिले आएर यो सरकारले केही गरेन भनेर आरोप र प्रत्यारोप गर्ने यो आफूभित्रको कुन्ठा हो भन्ने मलाई लाग्छ । आफूले दुई तिहाइको सरकार सम्हाल्न नसक्ने जनतालाई शान्ति सुरक्षा र सुशासन दिन नसक्ने अनि अहिले आएर यो सरकार परमादेशको हो भनेर एकदम आफूभित्रको कुन्ठा पोखिरहने यो संसद । संसदमा त्यस्तो कुराहरू हुनुहुँदैन ।

हिजोका भएका गल्तीहरूलाई अब सुधारेर जुन सरकार निर्माण भएको छ । यो संविधान रक्षार्थको लागि निर्माण भएको छ । जनतालाई नागरिकलाई केन्द्रबिन्दुमा राखेर आआफ्ना कार्यहरू अगाडि बढाउनुपर्छ भन्ने मलाई लाग्दछ । हामी कोभिडबाट आक्रान्त छौं यो सरकारले सबैलाई खोप पुऱ्याएको छ । अब यो सरकारले संविधान रक्षाको लागि जुन नागरिकको अहिले अत्यन्त महाङ्गी बढिरहेको छ । अब नागरिकलाई केन्द्रबिन्दुमा राखेर जनताका सरोकारका विषयहरूमा पनि यो सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्दछ र सँगसँगै म निवेदन गर्न चाहन्छु यो परमादेशबाट निर्माण भएको सरकार भन्ने माननीयज्यूहरू तपाईंहरूको दल पनि परमादेशबाट भएको हो हिजो नेकपा थियो । नेकपा एमाले केबाट भयो ? परमादेशबाट भएको हो । म यति कुरा मात्रै गरेर आफ्ना धारणातर्फ म केन्द्रित हुन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अहिले स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । अब प्रदेश र प्रतिनिधि सभाको निर्वाचनको मिति तय हुँदै छ । घोषणा हुँदै छ भन्ने छ त्यसैले म सम्मानित सभाका माध्यमबाट म आग्रह गर्न चाहन्छु । अब महिलाहरू प्रत्यक्ष निर्वाचनमा

महिलाहरू उम्मेदवार हुने चुनौतीको रूपमा रहेको छ । ४७ सालको संविधानले पनि ५ प्रतिशत महिलाहरू प्रत्यक्ष निर्वाचन हुने प्रणालीलाई सुनिश्चित गरेको थियो । त्यसै गरी ६३ को अन्तरिम संविधानले पनि ३३ प्रतिशत महिलाहरू प्रत्यक्ष निर्चावनतर्फ भनेर सुनिश्चित गर्यो जसले गर्दा ६४ को संविधान सभाको निर्वाचनमा हरेक दलले २६ देखि ३० जनासम्म प्रत्यक्ष निर्वाचनमा महिलाहरूलाई उम्मेदवारी बनायो संघीय लोकतन्त्रिक गणतन्त्रपश्चात् संविधान निर्माण भइसकेपछि समावेशी समानुपातिक यो हाम्रो संविधानको सुन्दर पक्ष हो । त्यसैले यो संविधानले निर्दिष्ट गरेको अब हुने प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा पनि महिलाहरू संविधानले प्रदत्त गरेको ३३ प्रतिशत प्रत्यक्ष निर्वाचनको लागि अब त्यतातर्फ दलहरूको ध्यान जानुपर्छ । अब हाम्रा कानुनहरूले त्यो निर्माण गर्न सक्नुपर्छ संविधानको ३८ (५) मा पनि समानताको हक छ । हामी राजनीतिक अभिसन्धिहरू पास गरेका छौं । सीड १९५१ मा महिलामाथि हुने भेदभाव उन्मूलन भनेर हामीले त्यो सीडमा हस्ताक्षर गरेका छौं । यसैले अब महिलाहरूलाई प्रत्यक्ष निर्वाचनतर्फ टिकट दिनको लागि दलहरूले प्रत्यक्ष निर्वाचनमा टिकट नदिने अनि महिलाहरू चुनावै लड्न डराउँछन् भन्ने दिन लाग्यो हार्ने ठाउँमा यहाँ जुन दलको कमजोर छ । त्यही ठाउँमा महिला उम्मेदवार उठाउने । अनि महिलाहरूलाई जुन प्रत्यक्ष निर्वाचन हुने जुन प्रणाली छ । संविधानले प्रदत्त गरेको समेवाशी समानुपातिकको जुन प्रावधान छ त्यो प्रावधानलाई अब साँच्चै कानुन निर्माण गरेर अब प्रत्यक्ष निर्वाचनमा पनि महिला ३३ प्रतिशत गराउनु जरुरी छ । दिगो विकासको लक्ष्यमा २०३० सम्म हरेक तहमा..... (समय सकिएको) ।

<u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिपतिको कार्यालयबाट विधेयक प्रमाणीकारणसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । म उक्त पत्रहरूको बेहोरा जानकारी गराउँदछु ।

(क) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकारणको लागि पेस हुन आएका देहायबमोजिमका

विधेयकहरू सम्माननीय राष्ट्रिय श्रीमाती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ उपधारा (२) बमोजिम प्रमाणीकारण भएकोले सोको प्रमाणीकृत प्रतिहरू थान दुई यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछ ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | विरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०३/२४ |
| २. | विजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक,२०७९ | २०७९/०३/२४ |

(डा. तोयनारायण ज्ञवाली)
सचिव
२०७९/०३/२४

(ख) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणितसमेत भई प्रमाणीकारणको लागि पेस हुन आएको देहायबमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमाती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकारण भएकोले सोको प्रमाणीकृत प्रतिहरू थान १३ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | ऐन नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ३ | लोक सेवा आयोगसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७९/३/३१ |
| २ | ४ | आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न | २०७९/३/३१ |
| ३ | ५ | ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |

| क्र.सं. | ऐन नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| ४ | ६ | राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ५ | ७ | नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ६ | ८ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ७ | ९ | यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ८ | १० | फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ९ | ११ | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १० | १२ | सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ११ | १३ | औषधी ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १२ | १४ | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १३ | १५ | रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |

(डा. तोयनारायण ज्ञवाली)

सचिव

२०७८/०३/३१

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई शपथसम्बन्धी विधेयक, २०७८ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय श्री नारायण दत्त मिश्र**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको २०७९ साल असार २ गतेको बैठकको निर्णयअनुसार विधायन व्यवस्थापन समितिमा पठाइएको सपथसम्बन्धी विधेयक, २०७८ माथि समितिले संवत् २०७९ साल असार १५ र ३१ गते गरी दुईपटक बैठक बसी विधेयकमाथि संशोधन प्रस्तावका प्रस्तोता माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बन्ध पदाधिकारीहरूलगायतको उपस्थितिमा दफावार छलफल भएको थियो विधेयकका विभिन्न दफामा चारओटा समूहमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूबाट कुल सातओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिए । यस समितिमा विधेयकमाथिको दफावार छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक तथा अनऔपचारिक सहयोग पुऱ्याउनुहुने समिति सदस्यहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्ध पदाधिकारीहरू साथै समिति सचिवालय परिवारलगायत सम्बन्ध सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिले "शपथसम्बन्धी विधेयक, २०७८" मा प्राप्त संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको प्रतिवेदन यस सम्मानित सदनमा पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय खानेपानी मन्त्री श्री उमाकान्त चौधरी**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमात्र छलफल हुने बेहोर जानकारी गराउँछु छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिन हुन अनुरोध गर्दछु ।

माननीय खिमलाल देवकोटा । समय तीन मिनेट ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकमा एक दुइटा कुराहरू दुई वर्षअगाडि प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिमा मैले विज्ञको रूपमा पनि भाग लिने अवसर पाएको थिएँ । त्यहाँ मैले राखेका केही कुराहरू विशेष गरी यो विधेयक मौलिक हकसँग पनि सम्बन्धित विषय छ र यो विषय चाहिँ विशेष गरी हाम्रो संविधानले स्थानीय तह र प्रदेशसँग सिधै एकल अधिकारसँग जोडेको छ र संघीय सरकारको एकल अधिकारमा यो पर्दै पर्दैन विशेष गरी खानेपानी र सरसफाइको कुराहरू संघीय सरकारको एकल अधिकारमा पर्दैन अलिकति म संविधानसँग केही कुराहरू केही नीतिगत कुराहरू आज हामी सैद्धान्तिक कुराहरू पनि गर्दैछौं अलिकति यो मौलिक हकसँग जोडेर कतिपय कुराहरू यो कानुनमा मात्रै पनि होइन अरू कतिपय कानुनहरूमा मौलिक हकसँग जोडेर स्थानीय र प्रदेशको अधिकारलाई एकदमै नजर अन्दाज गर्ने खालका कानुनहरू आ'का छन् । अलिकति मैले यो संविधानको धारा ५१ तिर फर्केर गएँ अध्यक्ष महोदय । त्यहाँ धारा ५१ जुन राज्यको नीति छ । त्यसमा ६ मा प्राकृतिक साधनको स्रोतको संरक्षण संवर्धन र उपयोगसम्बन्धी नीति छ । त्यहाँ के भनिएको छ भने राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता न्यायको मानन्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने स्थानीय समुदायलाई प्राथामिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्या छ । एउटा महत्त्वपूर्ण कुरा । अर्को धारा ५९ जुन आर्थिक अधिकारको परेको कुरा लेखिएको छ । त्यहाँ त्यसको उपधारा (५) मा सङ्घ प्रदेश स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा

कानुनबमोजिम अंश लगानी र प्राथमिकता दिनुपर्ने छ । यो मेन कुरा हो । यो यसलाई त्यति टेकेर यो कानुन बनेको जस्तो लाग्दैन  विशेष गरी । अब मैले भन्न खेजेको के हो भने अलिकति अब हामीले एउटा अनबन्डलिङ कार्यविस्कृतीकरण बनाएको छौं । संविधानको अनसूचीको अधिकारहरू त्यसले त्यहाँ चाहिँ के लेखेको छ भने विशेष गरी एकल अधिकारमा छैन । सङ्घको एकल अधिकारमा छैन । तर यसमा खानेपानी र सरसराइ सम्बन्धमा संघीय सरकारले बनाउने भनेको अधिकार क्षेत्र भनेको नीति, मापदण्ड, गुणस्तर र नियमनमात्रै हो । त्योभन्दा बाहिर जान सक्दैन त्यसकारण यो मेन यो फन्डामेन्टल संविधानको जुन fundamental कुरा र नेपाल सरकारको मन्त्रिपरिषद्ले पनि निर्णय गरेको छ यो नीति, मापदण्ड, गुणस्तर र नियमनभन्दा बाहिर जान हुँदैन भन्ने कुराहरू यसलाई मिचेर यो कानुन आ'को छ । एउटा पाटो भो' । यो कानुनमा धेरै ठाउँ प्रचलित कानुनदेखि लिएर तोकेबमोजिमका कुराहरू आ'को छ । सञ्चालन र व्यवस्था पनि संघीय सरकारले आफैले भन्ने कुराहरू आ'को छ त्यसकारण यो पाटोमा अलिकति बहस छलफल गर्नुपर्छ र यो राष्ट्रिय सभाको विशेष गरी विधायन समितिले यसले राम्रोसँग हेरोस् भन्ने मैले अनुरोध गर्न चाहन्छु । हवस् त । धन्यवाद । नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलास कुमारी दाहाल । समय तीन मिनेट ।

**<u>माननीय श्री तुलास कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयको सैद्धान्तिक पक्षको बारेमा छलफल गरिरहेका छौं प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भएको छ र यो मौलिक हकसँग पनि सम्बन्धित छ । आधारभूत खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन र व्यवस्थापन नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय सरकारले पारसपारिक सम्बन्धमा आफै वा आफ्नो स्वमित्व नियन्त्रणमा रहेको सङ्गठित सरकारमार्फत गराउने भनेर भनिएको छ कस्तो र कुन संस्थालाई भन्न खोजिएको हो । एक घर एक धारा कहिलेसम्मन पूरा हुने हो जुन नीति कार्यक्रममा चाहिँ ४ लाख ६६ हजार चाहिँ गर्न भनिएको छ ।

खानेपानी तथा व्यवस्थापनका विषयमा तोकिएका जिम्मेवारी र दायित्व सम्बन्धमा प्रदेश र स्थानीय तहमा कानुन नबनेसम्मन संघीय सरकारले नै हेर्न भनिएको छ । यसको व्यवस्थापन गर्नको लागि कति समय लाग्ने हो नेपाल सरकार र खानेपानी र सरसफाइको व्यवस्थापनका विषयमा समन्वयमा अन्योलता देखिन्छ खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न आयोजना र सेवा प्रणाली सर्वेक्षण निर्माण सञ्चालन तथा व्यवस्थापन गर्न स्रोतको सार्वजनिक संस्थागत तथा व्यवसायिक उपयोग गर्नका लागि चाहिएमा यो ऐनअन्तर्गत अनुमति लिनुपर्ने भनिएको छ । जिम्मेवारी दायित्व र तीनै तह सरकारलाई भनिए तापनि स्थानीय तहलाई गुरुयोजना बनाउने कुरो पनि गरिएको छ र बाह्रओटा शहरमा चाहिँ एकीकृत खानेपानीकै योजनाहरूको चाहिँको लागि अनुसन्धान गर्ने कुरो गरिएको छ । ती शहरहरूको पहिचान भइसकेको छ या बाँकी छ ? महशुल निर्धारणमा आयोग गठन गर्ने कुरा भनिएको छ र बन्ने आयोगमा तीन जना भनिएको छ महिला शून्य छ । महिला प्रतिनिधित्व गराउनुपर्ने देखिन्छ । आयोगका अध्यक्ष र सदस्यको पदावधि चार वर्ष भनिएको छ फेरि थप गर्ने भनिएको छ । घुमा उरो पाराले नभनिकन सिधै आठ वर्षभन्दा हुन्छ भन्ने मलाई लाग्छ ।

मिनाहा दिने सम्बन्धमा खानेपानीको महशुल तिर्न नसक्ने सीमान्तकृत समुदायलाई भनिएको छ । तिनको पहिचान भएको छ कि छैन ? तिनीहरू को हुन् ? र उनीहरूको डाटा हामीहरूसँग छ कि छैन ? अनुमति पत्रको अवधीको लागि २५ वर्ष दिने भनेको छ । खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न आयोजना निर्माण र सञ्चालनको लागि व्यवसायीकृत गर्नको निम्ति २५ वर्ष लामो समय भयो ५-५ वर्षमा नवीकरण गर्नुपर्छ भन्ने लागेको छ । नदी, ताल, तलैया, जल गुणस्तरीय आवश्यक मापदण्डहरूले तोक्ने कार्य सङ्घ सरकारले गर्ने भनेको छ । संस्कृतिक धार्मिक र पर्यटकीय महत्त्व र मानव बास्ती जोडिएको र विषयमा जिम्मेवारी स्थानीय तहलाई दिनुपर्छ सङ्घले लिनुहुँदैन । समन्वय समितिको गठन भाद्दा खालको छ चुस्त छरितो र समावेशी बनाइनुपर्छ नभए काम चलाऊ जस्तो देखिन्छ । ऐनको प्रभाव मूल्याङ्कन गर्ने कुरा पनि यसमा राखिएको छैन । त्यसले गर्दा ५ वर्ष पुगेपछिको एक वर्षलाई ऐन मापन र मूल्याङ्कनको विषय छुटेको छ । यसलाई समावेश गर्नुपर्ने देखिन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे समय तीन मिनेट ।

**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- खास गरी खानेपानीको सन्दर्भमा यो चारमा यो सतही वा भूमिगत भन्ने शब्दको सट्टा भूमिगत सतही भन्ने शब्द राख्ने भन्ने कुरा आयो । खानेपानीको सन्दर्भमा हामीले बुझेअनुसार हामी उपभोक्ता भएर काम गरेअनुसार सुन्दाखेरिमा सबैको पानी चाहिँ अहिले विषाधीहरू खेतहरूमा हालेको हुनाले फोहोरहरू बगेको हुनाले यो चाहिँ दुषित हुन्छ त्यसो भएको हुनाले हामीले पानी खाँदाखेरिमा डिप बोरिङ गरेर अथवा जमिनभित्रको पानी खानुपर्दछ भन्ने कुरा छ । त्यसो भएको हुनाले यो सतही पानी खाने कुरा आयो यो स्वास्थ्यको हिसाबले विषादीहरू जसरी जमिनमा त्यो खेतको जमिनको पानी खन्दाखेरिमा माथिको पानी खाँदाखेरि विषादी खाइन्छ भनेर । १५० सम्म खान्ने ६०-७० मिटरभन्दा तलबाट मात्रै पानी खाने पाइपहरू राख्ने चलन छ । यो कुराहरू देख्दाखेरि म अलिकति फरक आयो कि जस्तो मैले देखें यो सतही पानी खानुहुँदैन भन्ने छ यहाँ सतही पानीको कुरा आयो र नेचुरल जुन कुवाहरू छन् । धाराहरू छन् त्यसलाई हामीले त्यो पानी धेरै राम्रो हो किनभने त्यस्तो कुवाको धाराको खोलाको पानीहरूलाई हामीले फिल्टर गरेर खान सक्यौं भने फिल्टर त गर्नुपर्ने भयो तर चाहिँ यो लागतको हिसाबले चाहिँ जनतालाई कम लागत पर्ने र यो बोरिङहरू गर्दाखेरिमा असाध्यै महङ्गो पर्ने जनताले खान नसक्ने अवस्था छ। यो कुराहरू यसमा केही कुराहरु बाझेको छ । यसो भएर यसलाई अझै मसिनो गरी हेरेर र जनतालाई साफा पानी खुवाउने कुरामा चाहिँ हामीले फिल्टर गरेकै पानी खुवाउनुपर्ने हुन्छ । यहाँ चाहिँ गुणस्तरको कुरा पनि यहाँ यसमा आएन त्यसो भएको हुनाले फिल्टर गरेको साफा पानी खुवाउने कुरा प्रतिबद्धहरू आउनुपर्छ भन्ने जस्तो लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा । समय तीन मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" माथि विचार गरियोस् भन्ने सैद्धान्तिक पक्षमा हामी जुटेका छौं यो प्रतिनिधि सभाबाट आएको विधेयक हो । यो खानेपानी हाम्रो आधारभूत आवश्यकता

हो । हामीले संविधानको मौलिक हकभित्र पनि राखेका छौं र उपभोक्ता हकभित्र पनि यो पर्दछ । त्यसैले अझै पनि पहाड जुन पहाडी भेगहरूमा लामो ठाउँमा टाढा टाढा पानी लिन जानुपर्ने र शुद्ध पानी स्वच्छ पानी पाउने नसक्ने मुहानहरू अत्यन्तै दुषित भएको अवस्था छ तराईतिर त्यो आर्सेनिकयुक्त पानी खाँदा नागरिकको जीवन जोखिममा छ । त्यसैले शुद्ध खानेपानी अत्यन्त आवश्यक हो । त्यसैले यो महत्त्वपूर्ण विधेयक आएको छ म मन्त्रीज्यूलाई के ध्यानाकर्षण गराउन चाहन्छु भने नीति तथा कार्यक्रममा एक घर एक धारा भन्ने आएको छ । प्रदेशमा पनि एक घर एक धारा भन्ने छ । यो एक घर दुई धारा हो कि ? अथवा के हो ? हाम्रो यो अगिन माननीयज्यूले भनेझैं स्थानीय तह प्रदेश र सङ्घको अधिकारहरू पनि छ । सँगसँगै यो खानेपानी अत्यन्त महत्त्वपूर्ण विधेयक हो यो विधेयकलाई हामी दफावारका रूपमा छलफल नै गर्ने छौं त्यसैले हाम्रा मुहानहरू कसरी स्वच्छ र शुद्ध राख्ने र अहिले मुहानहरू सुक्ने क्रम पनि छ त्यो मुहानहरू संरक्षण कसरी गर्ने महत्त्वपूर्ण छ । यो विधेयकले त्यतातिर ध्यान दिने छ भन्ने विश्वासका साथ सबैले यो आधारभूत संविधानले प्रदत्त गरेको मौलिक हकभित्र भएको र उपभक्ता हकभित्र भएको यो अधिकारलाई समयमै सबै नागरिकले प्राप्त गर्नेको लागि यो विधेयकले हामी सबैलाई अधिकार त्यो प्रधान गरोस् र सबै ठाउँमा तोकिएबमोजिम तोकिएबमोजिम भन्ने जुन आउँने छ । अहिले यो तोकिएबमोजिम यति दिनभित्र हुने भन्ने कुराहरू अब स्पष्ट रूपमा आउन जरुरी छ विधेयकले नै बोल्नुपर्छ भन्ने कुराहरू राख्दै आफ्नो धारणाहरू यहीँ अन्त्य गर्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल । समय तीन मिनेट ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, खानेपानी प्राकृतिक स्रोतको संरक्षण संवर्द्धन व्यवस्थापनसँग गासिएको मौलिक हक अधिकारको कुरा हो । जलवायु परिवर्तनको कारण खानेपानीका मूलहरू धेरै सुक्दैछन् । पानीको पहुँच चाहिँ विश्वभर र नेपालमै पनि एउटा एकदमै महत्त्वपूर्ण conflict (द्वन्द्व) को विषय हुन सक्छ भनेर विज्ञहरू बताइरहेका छन् यस्तो अवस्थामा स्थानीय समुदायले खानेपानीको स्रोतको संरक्षण संवर्द्धन गरेर व्यवस्थापन जसरी गरिरहेका छन् नेपालमा त्यो असाध्यै महत्त्वपूर्ण र

जोगाइराख्नुपर्ने विषय हो । यो प्रस्थापित विधेयकको दफा ११ मा चाहिँ प्रचलित कानुनबमोजिम दार्ता भएर समुदायको स्तरमा चलिरहेका करिब ४२ हजारजति, ४२ हजारभन्दा बढी स्थानीय उपभोक्ता समूहहरूलाई खानेपानी उपभोक्ता समूहरूलाई पनि एक वर्षभित्र पुनः अनुमति लिनुपर्ने नत्र चाहिँ त्यो अटोमेटिकल्ली तिनीहरूलाई खारेज गरिने खालको व्यवस्था राखिएको जसले चाहिँ खानेपानी सञ्चालन सरसफाइ र स्रोतको संरक्षण बहुत अगाडिदेखि गरिरहेका छन् । र उनीहरू एउटा नियमावलीअनुसार दार्ता भएर यो काम गरिरहेका छन् । उनीहरू फाइदामुखी होइनन् । त्यो करिब ४२ हजारभन्दा बढी उपभोक्तालाई एकैचोटि छुने यस्तो महत्त्वपूर्ण प्रावधान जुन छ त्यसलाई चाहिँ स्थानीय तहमा दिँदा राम्रो हुन्छ । मलाई लाग्छ यिनीहरूलाई चाहिँ यहाँ सङ्घबाट नियन्त्रण गर्दाखेरि र यो बाध्यकारी पुनः दार्ता हुनुपर्ने त्यस्तो खालको नियम राख्दाखेरि धेरै छिन्न विभिन्न पनि हुन्छन् स्थानीय तहमा धेरै ठुलो गन्ध पनि आउन सक्छ र अहिले भइरहेको खानेपानी वितरण, संरक्षण, संवर्द्धनको जुन काम छ त्यो काम पनि डिस्टब हुन सक्छ । हामी अलरेडी खानेपानी स्रोतको हाहाकार हुने अवस्था तिर गइरहेका छौँ यसले झन् धेरै अवस्था दर्दनाक बनाउने देखिन्छ । त्यसले गर्दा सङ्घले यसलाई नियन्त्रण गर्ने नियमन गर्नेभन्दा पनि अहिले भइरहेका खानेपानी उपभोक्ता समूहहरूको अभिलेखीकरण सम्बन्धित स्थानीय तहमा पठाउने र सम्बन्धित स्थानीय तहले नै तिनीहरूसँग सहकार्य गर्ने नियमन गर्ने र प्रोत्साहन गर्ने उनीहरूलाई नियन्त्रणभन्दा पनि अहिले प्रत्साहनको खाँचो छ किनभने स्रोतहरू सुक्दै गरिरहेका छन् । त्यो भएर स्थानीय तहले बढी चाहिँ सहकार्य गर्ने सहजीकरण गर्ने र नियमन गर्नको लागि सङ्घ तयार हुनुपर्छ र सङ्घले यो अधिकार तल दिनुपर्छ भनेर मलाई लाग्छ । हामी दफावार छलफलमा यो विषयमा कुरा गर्छौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय खानेपानी मन्त्री श्री उमाकान्त चौधरी**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू आज माननीय सदस्यज्यूहरू अत्यन्तै महत्त्वपूर्ण कुराहरू उठाउनुभएको छ । केही जिज्ञासा पनि राख्नुभएको छ । केही सुझाव पनि दिनुभएको छ । केही प्रश्नहरू पनि राख्नुभएको छ । अब यसलाई अत्यन्तै महत्त्वपूर्ण भएकोले मलाई यसलाई जुन प्रकारले पहिले माननीयज्यूले कुरा उठाउनुभएको छ हामीलाई थाहा छ कि अहिले खानेपानी सरसफाइ र स्वच्छता यो वातावरणसँग पनि गहिरो सम्बन्ध रहेको छ र जलस्रोत भन्नेबितिकै हामी प्राकृतिक एउटा सम्पदा हो र हामीले पानी रहुनजेलसम्म हामील खानेपानी घर घरमा हामी पुऱ्याउन सक्छौं पानी रहुनजेलसम्म हामी सरसफाइ तथा स्वच्छता कायम गर्न सक्छौं र खानेपानी सरसफाइ र स्वच्छता हाम्रो जनस्वास्थ्यसँग पनि गहिरो सम्बन्ध छ र यसकारण मानव जीवनको लागि खानेपानी अपरिहार्य आवश्यकता हो । त्यसकारण नेपालको संविधानको धारा ३५ को उपधारा (४) ले खानेपानी तथा सरसफाइ मौलिक हकको रूपमा संरक्षण गरेको छ र यसलाई व्यवस्थापन र कार्यान्वयन गर्ने पनि जिम्मेवारी राज्यको रहेको छ । सरकारको रहेको छ । त्यसकारणले अहिले यो ऐन हाम्रो अहिलेसम्म विगतमा २०४९ सालमा जलस्रोत ऐन बनेर आजको मितिसम्म त्यही ऐनसम्म हामीले खानेपानी सञ्चालन भइराखेको छ । र अहिले जुन ऐन अति अपरिहार्य किन भयो अहिलेसम्म पनि खानेपानी सरसफाइको ऐनै छैन । त्यही जलस्रोतकै ऐन हामीलाई टेकेर अहिलेसम्म गरिराखेका छौं यो सञ्चालन गरिराखेका छौं । त्यसकारण पनि यो ऐन अति अपरिहार्य र आवश्यकता रहेको छ ।

र योभित्र हामीले हेर्दाखेरि खानेपानी सरसफाइको अधिकारको कुरा होस् या चाहे खानेपानीको मुहानको कुरा उठाइराख्या छौं त्यसको अधिकारको कुरा होस् र साथसाथै हामी संघीयतामा गइसकेपछि हाम्रो संविधानमा जो दिएका अधिकार र संघीयताको कुरा उठाउँदाखेरि हामी संघीयतामा सङ्घ प्रदेश र स्थानीयको जिम्मेवारी र अधिकार के छ ? त्यसलाई पनि यसमा सिमेटिएको छ । र त्यतिमात्रै होइन यो ऐन नभएकै कारणले हामीले यसलाई गुणस्तरीय भनौं स्वच्छ भनौं चाहे हामी सुरक्षित खानेपानी कसरी आम नागरिकलाई पुऱ्याउन सक्छौं । मौलिक हकको रूपमा आइसकेपछि व्यवहारिक रूपमा कसरी कार्यान्वयन गर्न सक्छौं त्यसको लागि पनि आफ्नो ऐन यो आउन अति अपरिहार्य थियो र त्यसको लागि हामीले भर्खरै केही दिनअगाडि हामीले एउटा मापदण्ड पनि तयारी गरेका छौं

हाम्रो मन्त्रिपरिषद्‌बाट खानेपानीको गुणस्तर मापदण्ड निर्देशिक हामीले स्वीकृत गरिसकेका छौं । त्यसलाई पनि कडाइका साथ कार्यान्वयन गर्नको लागि पनि यो ऐन अति अपरिहार्य छ ।

त्यतिमात्रै होइन अहिले माननीयज्यूले एउटा अत्यन्तै गहन कुरा उठाउनुभएको छ । पहिले नीतिगत कुरा मौलिक हकको रूपमा राखे पनि वाहाँले के उठाउनुभएको छ भने, कि हामीले यो यसको ऐन कानुन बनाउँदाखेरि यो कसरी यसलाई अझ यो केही कुराहरूलाई स्थानीयलाई पनि कुरा उठाएर वाहाँले कुरा के उठाउनुभएको छ भने यसलाई कसरी प्रदेश स्थानीय र सङ्घलाई यसलाई लैजाने र यसको विधिगत रूपमा यो विधान भनौं यो समितिमा हेरोस् भन्ने पनि प्रश्न उठाइदिनुभएको छ । म आग्रह गर्छु माननीयजीलाई माननीय, यो हाम्रो प्रतिनिधि सभाको विकास तथा प्राविधिक समितिमा माननीयज्यूहरूबाटै अत्यन्तै गहन छलफल भएर सबैको छलफल भएर मात्रै आएको यो विधेयक मैलेमात्रै होइन यसमा प्रतिनिधि सभामा पनि विभिन्न माननीयज्यूहरूले ल्याएका जिज्ञासा सुझाव र सबै कुरोलाई यो समेटिएर नै यो आएको यो पास गरेको प्रतिनिधि सभाबाट आएको यो विधेयक हो । त्यसकारण मलाई लाग्छ । यो विधानसम्मत हामीले यसलाई व्यवहारिक रूपमै यसलाई व्यवस्थापन र कार्यान्वयन गर्नको लागि यो आएको छ । त्यसकारण मलाई लाग्छ । यसलाई अहिले समय सापेक्ष आएको कारणले यसलाई विधान समितिमै लाउन मलाई लाग्छ आवश्यकता नहोला । किनभने सम्पूर्ण माननीयहरूज्यूकै सुझाव र सल्लाहबाट आएको विधेयक भएकोले यसलाई अहिलेको बेलामा विधान हामीसँग विधयेक नभएको बेलामा, ऐन नभएको बेलामा यो जरुरी छ । किनभने ऐन नआईकन हामी कानुन बनाउन सक्दैनौं । कानुन प्रदेशमा होस् चाहे स्थानीयमा बनाउन सक्दैन । त्यसकारण पनि यो अपरिहार्य जरुरी छ र अहिलेको अवस्था हामी पानीको मुहान पनि संरक्षण गर्नै पर्ने यो विधेयकमा यो अनिवार्य किनभने यो क्लाइमेट चेन्जको कारणले हामी आफै पनि भनिराखेका छौं । माननीयज्यूहरूले पनि यो कुरा राखेको छ । ती क्लाइमेट चेन्जको कारणले हिमाल र पहाडका मुहानहरू सुक्दै गइरखेको छ । तराईमा चाहिने पानीको सतह घट्दै गइराखेको छ । त्यहाँ पहाडमा पानीकै मुहानको कारण बस्ती विस्थापित भइरखेको छ भने मधेसमा आर्सेनिक खानेपानी खान बाध्य भएका छन् । त्यसकारण पनि यसलाई व्यवस्थित गर्नको लागि पनि यो यसलाई संरक्षण, मुहान संरक्षण र त्यसलाई व्यवस्थित गर्नको लागि पनि यो ऐन अपरिहार्य छ ।

त्यसकारण पनि यो यसपालि यो हाम्रो सम्मानित यो हाम्रो राष्ट्रिय सभाबाट यो अत्यन्तै यो चाँडो पास गर्नको लागि पनि म आग्रह गर्न चाहन्छु ।

अर्को माननीयज्यूले कुरा उठाउनुभएको छ । एक घर एक धारा कहिले आउने ? कानुन कहिले आउने ? अनुमतिको कुरामा पनि कुरा उठाउनुभएको छ । म माननीयजीलाई यतिमात्रै भन्न खोजेको अहिले हामी सरकारले एनवास प्लान हामीले बनाएका छौं त्यो एनवास प्लान हामीले चाहिने ७५३ ओटै पालिकामा त्यसलाई चाहिने त्यसमा एनवास प्लानमा अहिलेसम्म हाम्रो सरकारले ८२ ओटा पालिकामा हामी कम्पिलिट गरिसकेका छौं अहिले ४१० ओटा पालिकामा हामीले अहिले एनवास प्लान बनाइराखेका छौं र यही आउँदो यही वर्षमा हामीले ७५३ ओटा पालिका एनवास प्लान हामीले बनाउन हामीले कार्ययोजना बनाइसकेका छौं अब एनवास प्लान के हो भन्ने यहाँ सोच होला एनवास प्लानमा हामीले यसमा सबैको डाटा हुन्छ । घरमा पालिकामा कुन घरमा धारा छ या छैन ? कुन घरमा हामीले सेनिटेसनको पार्ट पुग्या छ कि छैन ? हामी सेनिटेसनको ओडीएफ नै डिक्लियर गरिसकेका छौं । ओडीएफ डिक्लियर गरे पनि अझ पनि अति विपन्न समुदाय चाहे हाम्रो गाउँ घरमा दलित बस्तीहरू जो मुसहर, चमार दुसाधहरू आज पनि तिनीहरूलाई ट्वाइलेट छैन । हामी खुल्ला दिशामुक्त देशै घोषणा गरिसकेका छौं । तर आज पनि हामीले हेर्दाखेरि यही राजमार्गमा जानुस् बाटोमा सार्वजनिक ट्वाइलेट छैन । कहीं हामीले सार्वजनिक स्थालमा छैन । कहीं धार्मिक स्थालमा छैन । कतिपय ठाउँमा स्कुलहरूमा छैन । त्यसकारण पनि त्यसलाई पनि दिगोपनका लागि पनि जुरुरी छ र त्यो एन वास प्लानमा कहाँ खानेपानीको आवश्यकता छ या पुगेको छ । कुन धारा कतिको घर धुरीमा पुगेको छ कि छैन । कतिको सेनिटेसन पुगेको छ कि छैन ? हामीले सरसफाइको अवस्था के छ ? कति ठाउँमा ढल पुगेको छ कि छैन ? ढलको अवस्था के छ फोहोर पानीलाई हामीले व्यवस्थित गर्न सकेको छ कि छैन ? पालिकाहरूमा कुन अवस्था छ । एनवास प्लानको डाटाले हामीले देखिन्छ र त्यो डाटा हामीले अहिलेसम्म यसै साल त्यो डाटा हामीले अहिलेसम्म यसै साल हामीले कम्प्लिट गर्ने छौं र कम्प्लिट अहिले जो भइसकेको छ । र त्यसलाई मध्यनजर राखेर हाम्रो पालिकाले प्रदेशले र सङ्घले यो तीनटैको दायित्व हो के हामीले मौलिक हकलाई कार्यान्वयन गर्ने, व्यवस्थापन गर्ने, त्यसकारण तीनटै तहलाई पनि मिलाउने काम यो ऐनले गरेको छ । यो ऐनमा तीनटै तहको स्थानीय प्रदेश र सङ्घलाई

जिम्मेवारी पनि बाँडफाँट गरेको छ यो ऐनमा । उसको कति जिम्मेवारी र अधिकार छ । त्यो अधिकारअनुसार तीनटैलाई कसरी coordination गर्ने यो coordination किन गर्ने भने यो तीनटैको दायित्व पनि जिम्मेवारी हो । त्यसकारण पनि यसले एउटा व्यवस्थापन गर्ने एनवास प्लानअनुसार हामीले कति पुरेको छौं कति पुऱ्याउने वाला छौं र त्यसभित्र हामीले अहिले जो एक घर एक धारा हामीले कार्यक्रम हामीले ल्याएका छौं र त्योअनुसार हामीले कार्यक्रम पनि हामीले अगाडि बढाएका छौं । त्यसकारण अब धेरै ठाउँमा पहाडहरूमा मुहान सुक्दै गइराखेको कारणले अहिले त्यहाँ मुहान नभएकै कारणले लिफ्टिङ कार्यक्रमको सबैभन्दा बढी डिमान्ड आइराखेको छ । अब लिफ्टिङ कार्यक्रम महङ्गो रहेछ । अब लिफ्टिङ कार्यक्रम यति महङ्गो रहेछ कि त्यो स्थानीयले गर्न सक्दैन ।

सम्माननीय अध्यक्ष महोदय, अप्ठ्यारो के छ भने खानेपानीमा एउटा नीति बनाइदिएको छ । के नीति हो भने पान्ध्र हजार जनसङ्ख्याभन्दा माथि मात्रै सङ्घले हेर्ने त्योभन्दा तल प्रदेशले हेर्ने अब त्यस्तै पहाडमा पाँच हजार जनसङ्ख्याभन्दा माथि हिमालमा एक हजार जनसङ्ख्याभन्दा माथि तर दुर्भाग्य छ । अहिले हामीले यो ऐनले नीति बनाउने हामी केही दिनमा हामी नीति पनि ल्याउँदै छौं अध्यक्ष महोदय, त्यो नीति हामीले किनभन्दै छु भने अहिले स्थानीयले स्थानीय तहलाई हामीले जनसङ्ख्याको हिसाबले हेर्दाखेरि हामी सङ्घले अब पहाडमा हिमालमा त हामीले १ हजारभन्दा माथि पहाडमा ५ हजार जनसङ्ख्याभन्दा माथि तर मुहान सुकेको कारणले जनसङ्ख्या थोरै छ । तर स्थानीयले त्यो काम पनि त्यो लिफ्टिङ कार्यक्रम चाहिने यति महङ्गो छ कि त्यो गर्न सक्दैन अब त्यो नगरेको कारणले हामीले आफ्नो नीतिअनुसार जाऊँ भने हामीले गर्न नपाउने स्थानीयसँग साधन स्रोत नहुने अनि कसले बनाउने त्यसकारण पनि त्यो व्यवस्थापन गर्न जुरुरी छ । त्यसको लागि पनि कतिपय यसलाई पनि म भन्छु माननीयज्यूहरूलाई यसलाई पनि अहिले आवश्यकताअनुसार भुगोलअनुसार यसलाई पनि केहीँ न केहीँ परिमार्जित गरेर जानुपर्छ भन्ने मलाई लागेको छ त्यसकारण यसलाई पनि तीनटै कसरी व्यवस्थापन गर्न सक्छौं त्यो लिफ्टिङ कार्यक्रम सङ्घ अब त्यसलाई कतिपय माननीयज्यूहरूले सुझाव दिनुभएको छ कि बजेटअनुसार पनि हामीले सङ्घमा राख्नुपर्छ । कही बढी बजेट भएको खण्डमा अब हामीले थोरै बजेट अहिले माननीयज्यूले पनि विगतमा उठाउनुभएको थियो । अब प्रदेशमा पनि ५ हजार ५ लाख कही १० लाख सधैंभरि एउटै योजना सधै परिराख्ने अब यो योजनाको

कारणले चाहिने सत्र वर्ष बिस वर्ष लाग्ने त्यसकारण हामीले चाहिने यसलाई हामीले व्यवस्थित गर्नको लागि पनि मलाई लाग्छ हामी जुन एनवास प्लानले हामीले एउटा प्लानिङ गर्नको लागि गुरुयोजना बनाउनको लागि यसलाई मद्दत पुग्ने छ र एक घर एक धारा कार्यक्रम हामी चाहिने पूरा गर्ने छौं भन्ने मैले विश्वास दिलाउन चाहन्छु । र अहिलेसम्म त्यहीअनुसारको कार्यक्रम हामीले अगाडि बढाएका छौं माननीयज्यूले अर्को पनि कुरा उठाउनुभएको छ मिनाहाको कुरा उठाउनुभएको छ अब म यति मात्रै भन्छु यो ऐनमा महशुल निर्धारण आयोग गठन गर्ने चाहिने व्यवस्था गरेको छ र म यति मात्रै विश्वास दिलाउँछु अहिले महशुल निर्धारण आयोग हामीले गठन गर्नको लागि प्रक्रिया अगाडि बढिसकेको छ । यही दिनमै त्यो पनि महशुल निर्धारण आयोग गठन हुने छ । र त्यसले यसलाई महशुलहरूको कुरामा पनि यसले व्यवस्थापन गर्ने छ भन्ने म विश्वास दिलाउन चाहन्छु माननीयज्यूहरू अहिले अर्को कुरो यहाँ दुषितको पनि कुरा उठाएको छ यो सतही र भूमिगतको कुरा उठाएको छ । अहिलेको यो ऐनमा हामीले  भूमिगत जलस्रोत कसरी संरक्षण गर्ने र साथसाथै हामीले त्यसलाई अहिलेको यो विगतको हामी जलस्रोतको ऐनअनुसार जो चलिरहेको थियो यो खानेपानी त्यसमा ढलको कही यो फोहोर पानीको व्यवस्थापनको कहीँ पनि व्यवस्थापन थिएन । यो ऐन आएपछि मात्रै हामीले यसलाई व्यवस्थापन गर्न सक्छौं किनभने अहिले फोहोर पानीहरूलाई चाहिने दुषित पानीहरू भनौं त्यो चाहिने हामीले यसलाई कसरी व्यवस्थापन गर्ने ? त्यस पानीलाई हामीले कसरी चाहिने प्रशोधन गरेर त्यसलाई व्यवस्थापन गर्ने अहिले दिशाजन्य भनौं त्यो पदार्थलाई कसरी त्यसलाई व्यवस्थापन गर्ने यो ढललाई कसरी व्यवस्थापन गर्ने ? यो फोहोर पानीलाई कसरी व्यवस्थापन गर्ने भनेर नै यो ऐन आएको यो ऐन आइसकेपछि त्यहीअनुसारको कानुन बनाएर अगाडि जान्छ र यो ऐनमा प्रष्ट रूपमा हामीले सजाय र उसको पनि व्यवस्था गरेको छ हामीले हामीले यसैमा र कसुर र सजायको पनि यो व्यवस्था गरेको छ । त्यसकारण जथाभावी फोहोर फाल्छ । त्यसलाई पनि यसलाई व्यवस्थापन गर्नमा मद्दत पुग्ने छ ।

त्यसकारण माननीयज्यूलाई म मात्रै यति आग्रह गर्छु त्यही सतही र भूमिगत पानीलाई प्रदूषित हुन नदिन र ढललाई व्यवस्थापन गर्न अहिले सबभन्दा हाम्रो नेपालमा ढलकै हामी सबभन्दा कम अहिले दिगो विकास लक्ष्य हामीले कस्तो छ भने २०३० सम्म नेपालले ५० प्रतिशत पुऱ्याउनुपर्नेमा आजसम्म जम्मा ढल हामीले ३ percent मात्रै हामीले

पुऱ्याउन सकेका छौं किनभने सबै ठाउँमा खानेपनीको मात्रै डिमान्ड हुँदो रहेछ ढलको कोही माग नहुँदो रहेछ । अब ढल पनि माग भएर आयो भने त्यसमा चाहिने कानुन प्राबधान छ । जग्गा दिँदैन जग्गाको व्यवस्थापन हुँदैन अरू पनि केही प्राविधिक कारणहरू छन् । त्यसकारण पनि यो ऐन जरुरी छ । त्यसकारण पनि यो ऐन आउन जरुरी भएको कारणले यसलाई तुरुन्तै कानुन बनाएर अगाडि बढ्नको लागि पनि यसले मद्दत पुग्ने छ भन्ने मैले माननीयज्यूलाई मैले आग्रह गर्न चाहे ।

अर्को सबैभन्दा कुरो अहिले अर्को माननीयज्यूहरूले पनि अब कुरा उठाएको छ । कि यो क्लाइमेट चेन्जको कारणले अब स्वभाविक रूपमा यो क्लाइमेट चेन्जको कारणले यो विश्वमा अहिले अब हाम्रो हिमाल पहाडको मुहानहरू सुक्दै गइराखेको र तराईमा चाहिने भूमिगत चाहिने हाम्रो पानीको सतह घट्दै गइराखेकोले यसपालि सरकारले हामीले तराई मधेस ट्यूबवेल स्वच्छता तथा विशेष कार्यक्रम हामीले हामीले सञ्चालन गरिसकेका छौं र आउँदो दिनमा यसले निरन्तरता पाउने छ र तर पनि त्यसलाई कसरी आर्सेनिकबाट मुक्त गर्न सकिन्छ ? त्योअनुसारको हामीले कार्यक्रम यो सानो ट्युबवेलमात्रै होइन डिप ट्युबवेलमात्रै होइन त्यहाँ हामीले चाहिने हामीले बल्क वाटर अर्थात पानीलाई त्यो थोपा पानीलाई कसरी व्यवस्थापन गरेर हामीले लान सक्छौं ।

त्यो मात्रै होइन हामीले सबभन्दा अध्यक्ष महोदय एउटा सबभन्दा हामीले अप्ठ्यारो के थियो भने म आएपछि मैले हेरे अहिले तराई मधेसमा थुप्रै योजनाहरू अलपत्रमा परेका छन् । सरकारको दसदेखि तिस प्रतिशत चाहिने जनश्रमदान गर्ने नीति भएको कारणले हामीले चाहिने सरकारबाट अर्बौं अरब ९० प्रतिशतसम्म पनि लगानी भएका योजनाहरू अलपत्रमा परेका छन् । अहिले माननीयज्यूहरू अहिले कोही पनि जनश्रमदान गर्नेवाला छैन जनश्रमदान गर्नेहरू सबै विदेश पलाएन भइसके अहिले कोही पनि गर्न चाहँदैन । आज जनश्रमदानको नीतिको कारण हाम्रो सबै योजनाहरू अलपत्रमा पारेका छन् । त्यसकारण त्यसलाई चाहिने कसरी व्यवस्थापन सञ्चलान गर्नुपर्छ भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूको बाट निर्देशन भएर त्यसलाई व्यवस्थापन गर्न योजना आयोगको माननीयज्यूको अध्यक्षतामा एउटा समिति बनेको छ । त्यसले प्रतिवेदन बुझाइसकेको छ । तुरुन्त यसलाई हाम्रो मन्त्रिपरिषद्बाट त्यसलाई पास गरेर त्यो हटाएको खण्डमा त्यो जनश्रमदान घट्नेबितिकै मधेसमा ४० प्रतिशत जतिको मलाई लाग्छ । त्यो ठुला ठुला जुन हाम्रो डिप ट्युबवेलहरू

वोभरहेड टङ्कीहरू सबै सञ्चालनमा आउने छन् । त्यसले पनि हामी आर्सेनिकमुक्त पानी मात्रै होइन त्यसलाई पानी खान हामी नागरिकहरूलाई चाहिने सेवा पुऱ्याउन सक्छु भन्ने मलाई चाहिने विश्वास छ ।

र त्यसै गरी त्यसलाई अझ नयाँ टेक्नोलोजीहरू पनि आइराखेको छ । त्यसको बारेमा पनि अरूहरूसँग पनि कुरा भइराखेको छ डोनर पर्टनरहरूसँग पनि कुरा भइराखेको छ । कि हामी हिमाल पहाड तराई हाम्रो विविधिता भएको यो देशमा कसरी खानेपानीले अझ हामीले गुणस्तरीय हामी व्यवस्थित र यसलाई चाहिने व्यवस्थापन गरेर कार्यान्वयन गर्न सक्छौं भनेर नै यो हामीले यो विधेयक लिएर आएका छौं यो आउने बितिकै यो ऐन कानुन हामीले बन्ने छ । म ओएनएसको पनि मैले सैद्धान्तिक सहमति लिइसकेको छु र अहिले धेरै कुराहरू मैले यतिमात्रै मैले आग्रह गर्न आज खोजे यो चाँडोभन्दा चाँडो यो विधेयक पास भएको खण्डमा यहीअनुसार हामीले हामीले कानुनहरू बनाएर सङ्घ, प्रदेश र स्थानीयलाई तीनटै मिलेर यसलाई कार्यान्वयन पनि गर्ने छौं व्यवस्थापन पनि गर्ने छ र तीनैलाई संयन्त्र यो जोड्ने पनि काम गर्छ र सबको आआफ्नो अधिकारक्षेत्रभित्र पनि हुने छ । हामीले मुहान संरक्षण गर्न कति अप्ठ्यारो छ भने यो ऐन नआईकन अहिले कतिपय मुहानहरू कसैको झोलामा छ । यसले दिन चाहँदैन । एक ठाउँमा म जाँदाखेरि त्यो ठाउँमा त्यो गाउँलेहरूले मुहानै दिएन । जब कि मुहान सबैको हामीले मौलिक हकमा ल्याइसकेपछि त्यसलाई संरक्षण संवर्द्धन पनि गर्ने अति आवश्यक भएकोले यो ऐन अति आवश्यक छ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूलाई यो आग्रह छ यो चाँडोभन्दा चाँडो यो विधेयक यो पास गरेर यसलाई कार्यान्वयनतिर र हामीले मौलिक हकलाई चाहिने कार्यान्वयन गर्न र दिगो विकास लक्ष्य चाहिने पूरा गर्न र पन्ध्रौं योजना पनि पूरा गर्न र हामी संघीयतालाई पनि कार्यान्वयन गर्न र सरकारले लिएर लिएको नीति र कार्यक्रम पनि कार्यान्वयन गर्न यसले ठुलो मद्दत पुग्ने छ भन्ने विश्वास लिँदै म बिदा हुन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ३ मा समावेश भएको "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" सम्बन्धी (क) र (ख) का विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल साउन ४ गते बुधवार अपराह्न १ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक मिति २०७९ साल साउन ४ गते बुधवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः १५:१५ बजे ।**